# मलंगवा नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड :८) मलंगवा असार ३१ गते २०८१ साल (संख्या :३**


## भाग–२

## मलंगवा नगरपालिका

नेपालको संविधान २०७२ को प्रस्तावनाले निर्दिष्ट गरे अनुरा तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार “लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति” महिला तथा पुरुष, यौनिक तथा लैंगिक अल्पसंख्यक र विभिन्न सामाजिक समूहहरु बीचको असमान शक्ति सम्बन्धहरुलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार, अवसर एवं सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्न, समाजका सम्पूर्ण वर्ग, लिङ्ग र जातजाति एकै थलोमा जम्मा भई आफू र आफ्नो समुदायको विकास गर्न सङ्गठित, समानुपातिक, समावेशी साथै सक्रिय रूपमा सहभागी हुने र उपलब्ध स्रोत, साधन, सेवासुविधा र अवसरहरूको न्यायोचित ढङ्गले उपभोग गर्न पाउने अवस्था सिर्जना गर्न, र लामो समयदेखि पछाडी पारिएको, अधिकारबाट बञ्चित गरिएको समुदाय वा आवश्यकतामा परेका व्यक्ति, समूहलाई विशेष व्यवस्था गरेर अगाडी लैजान आवश्क रहेकाले मलंगवा नगर पालिकाले नगरसभा /नगर कार्यपालिकाबाट पास गरी यो लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०८० सर्वसाधारणको जानकार ीको लागि प्रकाशन गरेको छ ।

**सम्वत् २०८१ साल**

**विषय सूची** — **पृष्ठ संख्या**


| विषय सूची | पृष्ठ संख्या |
|---|---|
| १. पृष्ठभूमि | १ |
| २. समीक्षा | १ |
| ३. मलंगवा नगरपालिकाको संक्षिप्त परिचय | ३ |
| ४. नाम तथा परिभाषा | ६ |
| ५. विद्यमान स्थिति | ५ |
| ६. विद्यमान समस्या, चुनौती र अवसर | ७ |
| ७. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको आवश्यकता | ११ |
| ८. नीति निर्माणका सिद्धान्तहरू | १२ |
| ९. नीति निर्माण प्रक्रिया | १२ |
| १०. लैंगिक समानता र सामाजिक समावेशिकरण नीतिको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र रणनीतिक उद्देश्यहरु | १४ |
| ११. नीति तथा रणनीतिहरू | १५ |
| १२. नीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व | १९ |
| १३. आर्थिक पक्ष | २० |
| १४. कानूनी व्यवस्था | २० |
| १५. नीति कार्यान्वयन तथा अनुगमन | २० |
| १६. नगरपालिका स्तरिय समिती/वडा स्तरिय समितीको काम कर्तव्य र अधिकार | २२ |
| १७. जोखिम तथा जेखिम न्युनिकरणका लागि नगरपालिकाले ध्यान दिनुपर्ने कुराहरु | २३ |
| १८. नीतिका अपेक्षित उपब्धिहरु | २३ |
| १९. नीतिको पुनरावलोकन तथा सुधार | २४ |
| २०. खारेजी तथा बचाउ | २४ |
| २१. अनुसूचीहरू | २४ |

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०८१

प्रस्तावनाः नेपालको संविधान २०७२ को प्रस्तावनाले निर्दिष्ट गरे अनुरा तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति" महिला तथा पुरुष, यौनिक तथा लैगिक अल्पसंख्यक र विभिन्न सामाजिक समूहहरु बीचको असमान शक्ति सम्बन्धहरुलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार, अवसर एवं सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्न, समाजका सम्पूर्ण वर्ग, लिङ्ग र जातजाति एकै थलोमा जम्मा भई आफू र आफ्नो समुदायको विकास गर्न सङ्गठित, समानुपातिक, समावेशी साथै सक्रिय रूपमा सहभागी हुने र उपलब्ध स्रोत, साधन, सेवासुविधा र अवसरहरूको न्यायोचित ढङ्गले उपभोग गर्न पाउने अवस्था सिजर्ना गर्न, र लामो समयदेखि पछाडी पारिएको, अधिकारबाट बञ्चित गरिएको समुदाय वा आवश्यकतामा परेका व्यक्ति, समूहलाई विशेष व्यवस्था गरेर अगाडी लैजान आवश्क रहेकाले मलंगवा नगर पालिकाले नगरसभा /नगर कार्यपालिकाबाट पास गरी यो लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०८० सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरेको छ ।

१. पृष्ठभूमि :

नेपालको संविधान २०७२ को प्रस्तावनाले नै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि सामाजिक न्याय सुनिश्चित गर्न; समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न निर्दिष्ट गरेको छ । संबिधानको बिभिन्न धाराहरुले महिलाको हक, बालबालिकको हक, दलितको हक, जेष्ठ नागरिकको हक, सामाजिक न्यायको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरी महिला, बालबालिका लगायत सीमान्तकृत समुदायको समान तथा सम्मानजनक रूपमा बाँच्न पाउने हक सुनिश्चित गरी कुनै पनि बहानामा हुने विभेद तथा हिंसालाई दण्डनीय बनाएको छ ।

यसैगरी राज्यको निर्देशित सिद्धान्त नीति तथा दायित्व अन्तर्गत सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिको व्यवस्था गरी सीमान्तकृत तथा अल्पसंख्यक समुदायको पहिचान, सशक्तीकरण, रोजगारी, जीविकोपार्जन लगायतका विषयमा सवैधानिक रूपमा नीतिगत निर्देशन गरेको छ ।लैङ्गिक समानता तथासामाजिक समावेशीकरण कायम गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीयतहले आफ्नो क्षेत्रका विकासका लागि आवधिक र बार्षिक योजना तर्जुमा गर्दा महिला रबालबालिका, अपाङ्गता भएका ब्यक्ति तथा पिछडिएको समुदायको विकासको लागि आयमूलक तथा सिपमूलककार्यक्रमहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ। सन् २०३० सम्ममा हासिल गर्ने प्रतिबद्धता जनाईएको दिगो बिकासका लक्ष्यहरु तथा नेपालको पन्ध्रौ योजनामा समेत लैगिंक समानता तथा सामाजिक समावेशिकरणका बिषयलाई महत्वपूर्ण स्थान दिईएको छ ।संविधानद्वारा प्रदत्त हक अधिकारलाई निर्वाधरूपमा नागरिकले उपभोग गर्ने वातावरणको सुनिश्चितता गर्नु राज्यको दायित्व हो । देशसंघीय





संरचनामा गइसकेको छ । सरकारका नीति तथा कार्यक्रमहरू नेपालले विभिन्न समयमा गरेका राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतिबद्धताहरू पूरा गर्नु तीनै तहका सरकारको दायित्व हुन आउँछ । यसका लागि तीनै तहका सरकारले समाजका विभिन्न वर्ग, लिङ्ग, क्षेत्रबीच रहेको सबै किसिमको असमानता, विभेदकारी सोच र संरचनालाई परिवर्तन गर्दै समानता उन्मुख हुनको लागि लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई प्रमुख औजार/माध्यमको रूपमा अंगिकार गरिसकेको अवस्था र लैङ्गिक समानताका विद्यमान चुनौती तथा अवसरहरूको आधारमा लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गर्न एवं विभिन्न निकाय तथा संघ संस्थाबाट भै रहेका प्रयासहरुलाई अन्तरआबद्ध गर्दै साझा प्रयासको थालनी गर्नलैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको आवश्यकता महसुस गरी सर्लाहीको मलंगवा नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०८०निर्माण गरी जारी गरेको छ ।

२.समीक्षा :

नेपाल संयुक्त राष्ट्रसंघको सदस्य राष्ट्र हुनुका साथै मानव अधिकारका विभिन्न महासन्धि, अभिसन्धिहरूको पक्ष राष्ट्र भएकाले त्यस अनुरूप काम गर्ने प्रयास गरिरहेको छ । नेपालले मानव अधिकार सम्बन्धी बिभिन्न महासन्धिहरू अनुमोदन गरी पक्ष राष्ट्र भएको छ । महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन महासन्धि (ऋभ्म्ब्) लाई २२ अप्रिल १९९१ मा बिनाकुनै शर्त अनुमोदन गरेको छ । महिला विरुद्ध भेदभाव उन्मूलन समितिले पक्ष राष्टूले पेश गर्ने प्रतिवेदनको सुनुवाई तथा विश्लेषण गरी प्रतिवेदन माथि प्राप्त निष्कर्ष सुझावहरूको संबोधन गरिरहेको छ । लैङ्गिक विभेद, हिंसार बाल विवाह, समानता र विकासको प्रमुख बाधकको रूपमा रहेको कुरालाई महसुस गरी दिगो विकासको लक्ष्यमा लैङ्गिक समानता हासिल गर्ने अन्य मुलुकहरूझैं नेपालले पनि सन् २०३० सम्ममा सो लक्ष्य प्राप्त गर्ने प्रतिबद्धता जनाई राष्ट्रिय सूचकहरू सहित मार्गचित्रसमेत तयार गरेको छ ।

नेपालमा राणाकालिन समय देखि नै लैङ्गिक असमानताका विरुद्धमा आवाजहरु उठ्दै आएको पाइन्छ । प्रजातन्त्रको स्थापना सँगै २०१३ सालमा प्रथम पञ्चवर्षिय योजनाबाट देशमा योजनाबद्ध विकासक्रमको सुरुवात भयो । त्यस समयमा महिलाका लागि स्वास्थ्य क्षेत्रमा ग्राम विकास अन्तर्गत गाउँमा महिला स्वास्थ्यकर्मी तयार गर्ने र परिवार नियोजन र मातृ मृत्युदर घटाउने विषयमात्र समावेश भयो । यो अवस्था चौथो योजनासम्म रहिरहेको पाइन्छ । पाँचौ पञ्च वर्षिय योजना २०३२/३७ मा बालिका शिक्षा बढाउन जोड दिएको पाइन्छ । छैटौं र सातौं पञ्च वर्षिय योजनाले महिला सहभागितालाई जोड दिइ कृषि, शिक्षा, घरेलु जस्ता कार्यक्रममा महिला सहभागिता निश्चित गर्न विशेष कार्यक्रमहरु ल्याएको थियो भने महिला शिक्षाको लागि प्रौढ शिक्षा, छात्रावृत्ति, छात्रावास कार्यक्रम ल्याएको थियो ।

देशमा भएका राजनीतिक परिवर्तनहरूसँगै विकासका रणनीतिहरूमा पनि परिवर्तन भएका छन् । २०४६ सालको बहुदलिय व्यवस्था सँगै महिला बिकासका नीतिमा पनि केहि परिवर्तनहरु भए । महिला बिकास कार्यक्रम सञ्चालनको लागि स्थानिय बिकास मन्त्रालयमा महिला बिकास शाखा र जिल्लाहरुमा महिला अधिकृत सहित महिला विकास कार्यालय स्थापना भए ।


नेपालको दशौं योजनाले महिला र अन्य पिछ्डिएका वर्ग र जातजातीको लैङ्गिक मूल प्रवाहिकरणलाई बिकासको अवधारणाको रुपमा लिई महिलातर्फ निश्चित उद्देश्यका रुपमा लैङ्गिक विकास र लैङ्गिक सशक्तिकरणका परिमाणात्मक लक्ष्य तोकी नीति निर्माणमा महिला प्रतिनिधित्व ३३ प्रतिशत पुऱ्याउने लक्ष्य राख्यो । नेपालको संविधान २०४७ संशोधन गरी महिलाको गर्भपतन सम्बन्धी हक र पैतृक सम्पत्तिमा समान हक सुनिश्चित गरियो । नेपालको अन्तरिम संविधान २०६३ ले लैङ्गिक विभेदको अन्त्य गरी महिलाका लागि सम्पत्तिमा समान हक र प्रजनन् सम्बन्धी हक सुनिश्चित गऱ्यो । महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकहरुको सामाजिक सुरक्षाका लागि विशेष व्यवस्था गर्ने नीति अंगीकार गऱ्यो । पञ्चवर्षीय योजनाहरूमा महिला र अन्य पछाडि पारिएका जातजातिको लैङ्गिक मूल प्रवाहीकरणलाई विकासको अवधारणाको रूपमा लिई लक्ष्य र कार्यक्रमहरू निर्माण गरिएका छन्। पन्ध्रौं पञ्च वर्षिय योजनाले देशलाई सम्मुन्नत मुलुकको सूचीमा पुऱ्याउने दीर्घकालिन सोच राखेको छ । नागरिकका विकास र समृद्धिको अपेक्षा सम्बोधन गर्न लैङ्गिक समतामूलक राष्ट्र बनाउने सोच तथा महिलाको समान तथा अर्थपूर्ण सहभागिता सहित लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्दै महिला, बालबालिका तथा किशोरकिशोरी, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकको सम्मानित जीवनयापनको बातावरण सुनिश्चित गर्ने उद्देश्य राखी योजना निर्माण गरेको छ । महिला विरुद्ध हुने हिंसा, भेदभाव र शोषणको अन्त्य गर्दै आर्थिक समृद्धि तथा दिगो विकासका लागि महिला तथा सीमान्तकृत समुदायको समान अग्रसरता तथा नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत, साधन, अवसर तथा लाभमा समान पहुँच र उपभोग सुनिश्चित गर्नु पर्नेमा जोड दिएको छ ।

संविधानद्वारा प्रदत्त हक अधिकारहरु सुनिश्चितताका लागि स्थानीय तह देखि प्रदेश तथा संघमा विभिन्न नीति, कानुन, कार्यविधि तथा आवधिक योजना/कार्यक्रमहरु निर्माण भइरहेका छन् । लैङ्गिक समानता र समावेशिकरण नीतिलाई कार्यान्वयन गर्न कानूनी रुपमा नै राष्ट्रिय महिला आयोग, राष्ट्रिय समावेशी आयोग, दलित आयोग, मधेशी आयोग, मुश्लिम आयोगको व्यवस्था भएको छ । यसैगरी युवाको हकहितको संरक्षण र सम्बर्द्धन गरी समुन्नत मुलुक निर्माणका लागि राष्ट्रिय यूवा परिषद ऐन २०७२, बालबालिका सम्बन्धी ऐन २०७५, बाल श्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ लागू भएका छन् । महिला माथि हुने विभेद तथा हिंसाको अनेक स्वरुप र प्रकृतिहरुलाई सम्बोधन गर्न नेपालको मुलुकी ऐन २०२० लाई २०७५ भदौबाट अन्य ऐनहरुद्धारा प्रतिस्थापन गरी मुलुकी अपराध संहिता २०७४; मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४; फौजदारी (कसूर तथा सजाय निर्धारण गर्ने) ऐन, २०७४; मुलुकी देवानी (संहिता) ऐन, २०७४ लागू गरिएको छ । यसैगरी अपराध पिडीत संरक्षण ऐन २०७५, कार्यस्थलमा हुने यौनजन्य दूर्व्यवहार निवारण ऐन २०७१, घरेलु हिंसा (कसुर र सजाय) ऐन, तथा नियमावली, २०६६, बोक्सी आरोप विरुद्धको (कसुर र सजाय) ऐन, २०७२; सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन २०७५, लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केहि नेपाल ऐनलाई संसोधन गर्ने ऐन २०७२, अपाङ्गता सम्बन्धी १० बर्षे राष्ट्रिय नीति तथा कार्ययोजना लगाएत विभिन्न नियमावली तथा निर्देशिका र कार्ययोजनाहरु निर्माण भएका छन् । त्यस्तै मधेश प्रदेश सरकारले पनि सारभुत लैंगिक समानता नीति २०७९ कार्यान्वयनमा ल्याईसकेको छ ।





३.मलंगवा नगरपालिकाको परिचय :




मलंगवा नगरपालिका बि.सं. २०४३ साल फागुन १८ गते तत्कालिन नगरपञ्चायतका रुपमा स्थापना भएको जिल्लाकै पहिलो नगरपालिका हो । नेपाल सरकार मन्त्रिपरिषद्बाट बि.सं. २०७१ बैशाख २५ गतेको निर्णय अनुसार यस नगरपालिकामा तत्कालिन मुसैली गाबिस समाबेश गरिएको र २०७३ फाल्गुण २७ निर्णयानुसार तत्कालिन गम्हरिया, खुटौना र भाँडसरगाबिस समेत समावेश गरी हाल १२ वडाहरु रहेको यस नगरपालिकाको क्षेत्रफल ३०.४४ वर्ग कि.मि. रहेको छ । बि.सं. २०६८ को राष्ट्रिय जनगणना अनुसार यहाँ १०,०३३ घरधुरी तथा ५४,५५० जनसंख्या रहेको छ । जिल्लाको सदरमुकाम रहेको यो नगरपालिका मधेश प्रदेशको करिब मध्य भागमा पर्दछ । समथल भुमि रहेको यस नगरपालिकामा सबै जातजातिको बसोबास रहेकोछ ।

यस नगरपालिकाको पुर्वमा ब्रम्हपुरी गाउँपालिका र भारतको सोनबरसा क्षेत्र, पश्चिममा चकरघट्टा, कौडेना र बिष्णु गाउँपालिका, उत्तरमा कविलासी नगरपालिका र दक्षिणमा भारत बिहार राज्यको सीतामढी जिल्ला पर्दछ । यस नगरपालिका भित्र मुख्य धार्मिक स्थालहरु मलंग बाबा स्थल, राजदेवी माता, भगवती मन्दिर, झिलमिलिया माई, शीव मन्दिर, रामजानकी, राधाकृष्ण र बोधिदेवी मन्दिर तथा जिलानिया मस्जिद र पर्यटकीय क्षेत्र अन्तर्गत मुसैली ठुलो पोखरी रहेका छन् । स्नातकोत्तर तहसम्म पठनपाठन हुने सर्लाही क्याम्पस तथा २२ वटा

सामुदायिक र १० वटा मदरसा, प्रादेशिम अस्पताल र सगरमाथा चौधरी आँखा अस्पताल तथा १० वटा स्वास्थ्य संस्था रहेका छन् ।

तीनबिघे मैदान, कभर्डहल, बसपार्क र हाटबजारहरु रहेको यस नगरपालिकामा धान, गहुँ र दलहन बाली, तरकारी खेति, पशु तथा माछापालन मुख्य उत्पादन रहेका छन् । यस नगरपालिकामा बर्षातको समयमा पानी जम्ने समस्या रहेकोछ ।

मलंगवा नगरपालिकाको वडागत जनसंख्या विवरण तथा लैंगिक अनुपात:

| वडा | घरधुरी संख्या | जनसंख्या | | | औशत घरधुरी | लैंगिक अनुपात: |
|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | |
| १ | २७२ | १६६९ | ८६१ | ८०८ | ६.१४ | १०६.५६ |
| २ | ७७२ | ४१९२ | २१७७ | २०१५ | ५.४३ | १०८.०४ |
| ३ | १२८० | ७७३६ | ३८८२ | ३८५४ | ६.०४ | १००.७३ |
| ४ | ९८१ | ४८२३ | २४८१ | २३४२ | ४.९२ | १०५.९४ |
| ५ | ७६६ | ४४७२ | २२७८ | २१९४ | ५.८४ | १०३.८३ |
| ६ | ९८१ | ५८१६ | २८९७ | २९१९ | ५.९३ | ९९.२५ |
| ७ | १०९९ | ६१०५ | ३०७३ | ३०३२ | ५.५६ | १०१.३५ |
| ८ | ५८१ | २७३४ | १३९२ | १३४२ | ४.७१ | १०३.७३ |
| ९ | ८०५ | ३८२४ | २०६६ | १७५८ | ४.७५ | ११७.४७ |
| १० | ९८४ | ४८०३ | २५२१ | २२८२ | ४.८८ | ११०.४७ |
| ११ | ९०४ | ५०६० | २५१७ | २५४३ | ५.६० | ९८.९८ |
| १२ | ६०८ | ३३१६ | १७०४ | १६१२ | ५.४५ | १०५.७१ |
| सबै वडा | १००३३ | ५४५५० | २७८४९ | २६७०१ | ५.४४ | १०४.३० |

मलंगवा नगरपालिकामा बसोबास गर्ने जातजाातिको विबरण:

| जातजाति/जनजाति | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| क्षेत्री | १०७ | ६४ | ४३ |
| ब्राम्हण पहाडी | ११९ | ६३ | ५६ |
| मगर | १९ | १० | ९ |
| थारु | ११२ | ५५ | ५७ |
| तामाङ्ग | १३ | ७ | ६ |
| नेवार | ३०२ | १४९ | १५३ |
| विश्वकर्मा | ३५ | १६ | १९ |
| मुसलमान | ११०७० | ५४३१ | ५६३९ |
| यादव | १४३५६ | ७३७९ | ६९७७ |
| ठकुरी | २६ | १५ | ११ |
| तेलि | ३५९९ | १८६६ | १७३३ |
| चमार/हरिजन/राम | १५१२ | ७७४ | ७३८ |
| कोइरी/ कुशवाहा | १७७८ | ९२५ | ८५३ |
| मुसहर | ११ | ४ | ७ |
| कुर्मि | ६२९ | ३४३ | २८६ |
| सन्यासि/दसनामि | २१८ | ११६ | १०२ |
| धानुक | २६१ | १३९ | १२२ |
| दुसाध/पासवान/पासि | २१२५ | १०६९ | १०५६ |
| मल्लाहा | ११४३ | ५९९ | ५४४ |
| केवत | ३४ | २१ | १३ |
| कठबनिया | ५८ | ३३ | २५ |



खण्ड ८) संख्या ३ स्थानीय राजपत्र भाग २ मिति २०८१/०३/३१

| | | | |
|---|---|---|---|
| ब्राम्हण तराई | १३८१ | ६९४ | ६८७ |
| कल्वार | २२०५ | ११५४ | १०५१ |
| कानु | ७२५ | ३७२ | ३५३ |
| कुमाल | १७० | ९४ | ७६ |
| घर्ति/भुजेल | २२ | १२ | १० |
| हजाम/ठाकुर | ६७० | ३४८ | ३२२ |
| धेवि | ४५० | २४७ | २०३ |
| तत्मा/तत्वा | ७४४ | ३६९ | ३७५ |
| लोहार | ८८१ | ४५४ | ४२७ |
| खत्वे | ६५१ | ३३७ | ३१४ |
| सुडि | ९१६ | ५०० | ४१६ |
| दनुवार | ५९ | ३१ | २८ |
| हलुवाई | ४५० | २२९ | २२१ |
| बराई | ४५९ | २२९ | २३० |
| बिन | ३४४ | १७४ | १७० |
| नुनिया | १४३२ | ७२४ | ७०८ |
| सोनार | १३५० | ७२५ | ६२५ |
| कुम्हार | ७३६ | ३८३ | ३५३ |
| मारवाडि | १२९ | ६८ | ६१ |
| कायस्थ | ६२८ | ३३२ | २९६ |
| राजपुत | ३६६ | २०१ | १६५ |
| ओराओं/कुदुख | १८ | ८ | १० |
| बदाई/बादि | ३४५ | १७५ | १७० |
| गदेरी/भेडियार | ४५ | २१ | २४ |
| मालि | १७३ | ८४ | ८९ |
| धुनिया | १५ | ९ | ६ |
| डोम | ८९ | ४७ | ४२ |
| हल्खोर | ११३ | ५६ | ५७ |
| अमात | २९ | १६ | १३ |
| कलार | १० | ६ | ४ |
| भुमिहार | ३१८ | १६२ | १५६ |
| रौनियार | ६९० | ३५१ | ३३९ |
| बनियान | ६३ | ३० | ३३ |
| अन्य | ४० | २३ | १७ |
| बिदेशी | २६८ | ८५ | १८३ |
| थाहा नभएको | ३९ | २१ | १८ |
| सबै जातजाति | ५४५५० | २७८४९ | २६७०१ |

४. नाम तथा परिभाषाः

नाम र प्रारम्भ : यस नीतिको नाम “लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०८०” रहनेछ । यसको प्रारम्भ स्थानीय सरकार (नगरपालिकाले नगरसभा वा नगर कार्यपालिकाबाट पास गरी राजपत्रमा प्रकाशन गरेपश्चात्) ले स्वीकृति गरेको मितिदेखि लागु हुनेछ ।

परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नीतिमा :

क) “नीति” भन्नाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०८० सम्झनु पर्दछ ।

ख) “स्थानीय तह” भन्नाले नगरपालिका, वडा कार्यालय र जिल्ला समन्वय समिति सम्झनु पर्दछ ।

ग) “नगरपालिका” भन्नाले मलंगवा नगरपालिका, सर्लाही सम्झनुपर्दछ ।

घ) “कार्यक्रम” भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएका योजनाहरूको संयोजित रूप सम्झनु पर्छ ।

ङ) “योजना” भन्नाले समग्रमा नगरपालिकाले तयार गरेको स्थानीय तहको आवधिक योजना, वार्षिक योजना, गुरुयोजना, रणनीतिक योजना, एकीकृत शहरी विकास योजना आदि सम्झनुपर्छ ।

च) “खण्डिकृत तथ्याङ्क” भन्नाले महिला तथा पुरुष, लैंगिक तथा यौनिक अल्पसंख्यकहरु, जातीय समूह, अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठ नागरिक तथा अन्य वञ्चित समूहका व्यक्तिहरुको खण्डिकृत तथ्याङ्क भन्ने बुझ्नुपर्दछ ।

छ) “लिङ्ग” भन्नाले महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई सम्झनु पर्दछ।

ज) “लैङ्गिक” भन्नाले समाजबाट निर्मित महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यकको भूमिका एवं पहिचानका साथै उनीहरु बिचको सामाजिक सम्बन्धलाई सम्झनु पर्दछ ।

झ) “लैङ्गिक समानता” भन्नाले महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरु बीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनु पर्दछ ।

ञ) “पछाडी पारिएको समुदाय” भन्नाले समाजमा लामो समयदेखि विकास र अवसरबाट वञ्चितीकरणमा पारिएका महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाति, मधेसी, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्यसंख्यकहरू भन्ने बुझ्नुपर्दछ ।

ट) “लैङ्गिक मूलप्रवाहीकरण” भन्नाले कुनै पनि योजनाबद्ध कार्य, नीति नियम, कार्यक्रम कार्यान्वयनको हरेक क्षेत्र तथा तह र तप्कामा महिला, यौनिक तथा लैंगिक अल्पसंख्यक रबञ्चितिमा परेका वर्गहरुलाई समाहित गर्ने प्रक्रियालाई सम्झनु पर्छ ।

ठ) “लैङ्गिक उत्तरदायी बजेट” भन्नालेलैङ्गिक समानताको लागि बजेटको शुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनाबद्ध रूपमा उद्देश्यमूलक कार्यक्रमहरू तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धतिलाई जनाउँदछ ।



खण्ड ८) संख्या ३ स्थानीय राजपत्र भाग २ मिति २०८१/०३/३१

ड) “लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण” भन्नाले महिला तथा पुरुष, यौनिक तथा लैंगिक अल्पसंख्यक र विभिन्न सामाजिक समूहहरु बीचको असमान शक्ति सम्बन्धहरुलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार, अवसर एवं सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नुपर्ने विषयलाई सम्झनु पर्दछ ।

ढ) “समाजिक समावेशीकरण” भन्नाले समाजका सम्पूर्ण वर्ग, लिङ्ग र जातजाति एकै थलोमा जम्मा भई आफू र आफ्नो समुदायको विकास गर्न सङ्गठित, समानुपातिक, समावेशी साथै सक्रिय रूपमा सहभागी हुने र उपलब्ध स्रोत, साधन, सेवासुविधा र अवसरहरूको न्यायोचित ढङ्गले उपभोग गर्न पाउने अवस्था भन्ने बुझ्नुपर्दछ ।

ड) “सामाजिक न्याय” भन्नाले लामो समयदेखि पछाडी पारिएको, अधिकारबाट बञ्चित गरिएको समुदाय वा आवश्यकतामा परेका व्यक्ति, समूहलाई विशेष अवस्था गरेर अगाडी लैजाने प्रक्रिया भन्ने बुझ्नुपर्दछ ।

ढ) “समृद्धि” भन्नाले दिगो आर्थिक विकासको साथै आर्थिक रूपमा सम्पन्न, आत्मनिर्भर, विभेदको अन्त्य, सबै सफल, खुसी, स्वस्थ, शान्त र सुखी भएको वा हुन सक्ने अवस्था वा आधारभूत आवश्यकता पूरा भएको अवस्थालाई बुझ्नुपर्दछ ।

५.विद्यमान स्थिति :

नेपालको संविधानको धारा २६९ को उपधारा (१) बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी भएको संवैधानिकव्यवस्था कार्यान्वयन गर्न लोकतन्त्रको लाभहरूको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानूनी राज्य र दिगो विकासका लागि स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ र संस्थागत गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ लागु भएको छ ।स्थानीय तह प्रमुख वा उपप्रमुखमध्ये एक महिला हुनुपर्ने संवैधानिक प्रावधान अनुरूप स्थानीय तहमा न्याय सम्पादन गर्ने जिम्मेवारी महिलाहरूले सम्हालिरहेका छन् । संविधानको धारा १२७ (२) मा व्यवस्था भए अनुरूप न्यायिक समितिको गठन भएको छ।न्यायिक समितिले स्थानीय स्तरमा हुने विवादहरू, खासगरी देवानी प्रकृतिका मुद्दाहरूका साथमा महिला हिंसाका विषयहरू निरूपण गर्ने संवैधानिक अधिकार प्राप्त गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को वडा समितिको काम कर्तव्य र अधिकार (ग.३०) विकास कार्य अन्तर्गत वडाभित्र आर्थिक तथा सामाजिक रूपमा पछाडि पारिएका महिला, बालबालिका, जेष्ठ नागरिक, यौनिक तथा लैङ्गिक अल्पसंख्यक दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक विकासको लागि काम गर्ने र ग.(३२) बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दाइजो, लगायत

बालश्रम, मानव बेचबिखनको अन्त्य गर्ने/गराउने, कार्य गर्ने जिम्मेवारी स्थानीय सरकारलाई तोकी स्थानीय तहको योजना तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार वडास्तरबाट महिला तथा पछाडि पारिएको समूह, समुदायको सहभागितामा तयार गर्ने र उनीहरूलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनोटमा जोड दिँदै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्न समेत जोड दिएको छ ।

मधेश प्रदेशको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको वर्तमान अवस्था :

मधेश प्रदेशकोलैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सम्बन्धमा विश्लेषण गर्दा यस प्रदेशको कुल जनसंख्या ६,११४,६०० रहेको छ जसमा पुरुषको जनसंख्या ३,४३,३५० र महिलाको जनसंख्या २,९७,७७२ (५० प्रतिशत) रहेको छ ।सन् २०२१ को जनगणना अनुसार यस प्रदेशको साक्षरतादर ६३.५ प्रतिशत रहेको छ । जस मध्ये महिलाको साक्षरता दर ५४.७ प्रतिशत मात्र रहेका छन् । राष्ट्रिय जनसाङ्ख्यीक सर्वेक्षण २०२१ अनुसार ५३ प्रतिशत महिलाहरु २० बर्षको उमेर पुग्दा विवाहित भैसकेका हुन्छन् ।

यसबाट मधेश प्रदेशका महिलाहरू घरायसी कार्य र पारिश्रमिकबिनाको सेवामूलक कार्यमा व्यस्त हुने गरेको देखिन्छ ।सामुदायिक सेवा र सहभागितामा महिला तथा पछाडि पारिएका समुदायको अर्थपूर्ण सहभागिता तुलनात्मक रूपमा हुन नसकेको स्थिति देखिन्छ । प्रदेशमा जातीय छुवाछुत सामाजिक कुसंस्कारको रूपमा रहेको छ भने महिलाको शिक्षामा न्यून पहुँच रहेको अवस्था छ । प्रदेशमा रहेका यी सवालहरूलाई सम्बोधन गर्न प्रदेश सरकारले नेपालको संविधान २०७२ को धारा २४ मा रहेको छुवाछुत तथा भेदभाव विरुद्धको मौलिक हकलाई आत्मसात गर्दै दलित समुदायको राजनीतिक, नागरिक, शैक्षिक, सामाजिक(सांस्कृतिक अधिकार प्रवर्द्धन तथा दलित समुदायको सशक्तीकरणगर्ने सम्बन्धी कानूनी व्यवस्था गर्न दलित सशक्तीकरण ऐन २०७६ जारी गरेको छ । ऐनले निःशुल्क शिक्षा, रासन कार्डको व्यवस्था, सशक्तीकरणका कार्यक्रमका साथै समानुपातिक समावेशीको पालनाका लागि दलित सिटमध्ये ५० प्रतिशत दलित महिलाको लागि व्यवस्था गर्ने स्पष्ट उल्लेख गरेको छ । समाजमा रहेको यो कुसंस्कारको विरुद्धमा सशक्त अनुगमनका लागि मुख्यमन्त्रीको अध्यक्षतामा अनुगमन समितिको व्यवस्था गरेको छ । यसै गरी बालबालिकाको हक अधिकारको सम्बर्द्धन, संरक्षण एवं परिपूर्ति गर्दै सबै बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक एवं भावनात्मक विकासगरी सर्वोत्तम हित सुनिश्चित गर्न समयानुकूल कानूनी व्यवस्था गर्न प्रदेश बालअधिकार सम्बन्धी ऐन २०७७ जारी गरेको छ । ऐनले प्रदेशमा सामाजिक विकास मन्त्री र स्थानीय तहमा जिल्ला समन्वय समिति प्रमुख अध्यक्ष हुनेगरी प्रदेश र स्थानीय तहमा बालअधिकार समितिको व्यवस्था समेत गरेको छ । प्रदेशकोप्रथम आवधिक योजनाआ. व. २०७६/७७ ( २०८०/८१ को आधारपत्रलेलैङ्गिक समानता र सामाजिक न्यायमा आधारित समाज निर्माण गर्ने क्षेत्रगत सोच राखी विकासका हरेक क्रियाकलापमा महिला र पुरुषको समान सहभागिता कायम गर्ने लक्ष्य





लिएको छ ।मधेश प्रदेशको सरकारले विभेदमुक्त सामाजिक न्याय स्थापना गर्ने सन्देश प्रवाह गरी छोरा र छोरीबीचको सामाजिक विभेद अन्त्य गर्ने उद्देश्यले मुख्य मन्त्रीको संयोजकत्वमा बेटी पढाउ, बेटी बचाउ अभियान, छोरी शैक्षिक बिमा कार्यक्रमसञ्चालन गरिरहेको छ । यसले छोरी शिक्षामा उल्लेखनिय प्रभाव पारेको देखिन्छ । प्रदेश प्रहरी सहित अन्य सेवामा महिलालाई ५० प्रतिशत आरक्षण सहित दलित, मुस्लिम, जनजातिलाई उनीहरूको जनसंख्याका आधारमा आरक्षणको व्यवस्था कानूनी रूपमा सुनिश्चित गरिएको छ । यसैगरी प्रदेश सरकारले लैङ्गिक समानता नीतिको मस्यौदा तयार गरी प्रदेश सभामा लाने तयारी पनि गरिरहेको छ ।

## मलंगवा नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको वर्तमान अवस्था :

यस नगरपालिकामा घरेलु हिंसा, बालविवाह, बहुविवाह, दहेज प्रथा, जातीय छुवाछुत, बाल श्रम, मानसिक स्वास्थ्य, यौन तथा प्रजनन् स्वास्थ्य, आर्थिक क्रियाकलापमा महिलाहरूको संलग्नता अत्यन्त्यै न्यून हुनु मुख्य समस्याको रूपमा रहेका छन् भने मुस्लिम समुदायमा तीन तलाक, महिलाहरूलाई घरबाहिर काम गर्ने स्वतन्त्रता नहुनु, परिवार नियोजनको साधन प्रयोगमा न्यून पहुँच हुनु, सार्वजानिक शिक्षामा न्यून पहुँच भई धार्मिक शिक्षाका लागि मात्र अवसर दिइनु जस्ता कार्यले अझ जटिलता उत्पन्न गरेको छ । जेष्ठ नागरिकहरूलाई घरपरिवारले बोझको रूपमा लिई अपहेलित भई घरविहीन हुनु परेको अवस्था, परिवार तथा समाजमा अपाङ्गता मैत्री व्यवहार नहुनु साथै उनीहरूलाई बोझको रूपमा लिनुजस्ता व्यवहारमा महिला, बालिका, किशोरी, दलित, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैंगिक अल्पसंख्यक, जेष्ठ नागरिकहरू घरपरिवार तथा समाजमा असुरक्षित रहेको अवस्था यहाँका घटनाहरूले देखाइरहेका छन् भने महिलाहरू घरभित्रको सेवामूलक काममा बढी समय खर्चिनुपर्ने, जस्ता लैङ्गिक विभेदमा आधारित समस्याहरू व्यापक रूपमा रहेका छन् । यद्यपिमलंगवा नगरपालिकाले शिक्षा, स्वास्थ्य, पर्यटन पूर्वाधार व्यापार; सुन्दर, समृद्ध, तथा समुन्नत मलंगवाको आधार भन्ने मूल नारासहित नगर विकासको खाका कोरेको छ । नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि केही नीतिगत व्यवस्था गरेको छ, जस अन्तरगतलैंगिक समानता तथा सामाजिक समावेशिकरण रणनीति २०८० निर्माण भएको, लैंगिक हिँसा निवारण सेवा केन्द्र संचालन कार्यविधि २०८० बनेको, जेष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधि २०७७ कार्यान्वयनमा रहेको साथै शिक्षामा सहज पहुँचका लागि विद्यालय शिक्षा ब्यबस्थापन कार्यविधि २०७९ बनेको,अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चितताका लागि अपाङ्गता भएका ब्यक्तिहरुको परिचयपत्र वितरण कार्यविधि २०७९ बनेको, जेष्ठ नागरिकहरूको सुरक्षा, न्याय र समानताका लागि जेष्ठ नागरिक परिचयपत्र कार्यविधि २०७७ जारी गरेको छ । लैङ्गिक समानताका लागि सचेतनामूलक गोष्ठी

तथा अभिमुखीकरण कार्यक्रमहरू, महिलाहरूका लागि सीपमूलक तालिमहरू, अपाङ्गता भएका व्यक्ति, दलित, जेष्ठ नागरिकहरू, बिधवा तथा एकल महिलाहरूको समयमा नै विवरण तयार गरी नेपाल सरकारबाट पाउने सामाजिक सुरक्षा भत्ता बैंक खाता मार्फत व्यवस्था, दलित, मुस्लिम तथा विपन्न परिवारलाई पिउने पानीको सहज पहुँचका लागि हैण्ड पाइप वितरण, शौचालय निर्माणमा सहयोग साथै हिंसा प्रभावितका लागि आवश्यक सहयोगका लागि समन्वय तथा सहकार्यका कामहरू गरिरहेको छ ।

## ६.विद्यमान समस्या, चुनौती र अवसर

समस्या :

लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्बन्धी मधेश प्रदेशमा विविध समस्याहरू रहेका छन् । विशेषगरी यस प्रदेशमा महिलाहरूको शिक्षामा पहुँच नहुनु, पहुँच भएता पनि गुणात्मक शिक्षा सेवा प्राप्त नहुनु, शिक्षाको पहुँचका सवालमा पनि छोरा र छोरीबीच भेदभाव, महिला स्वास्थ्य सेवामा सहज पहुँचको अभाव, बालविवाह, बहुविवाह, दाइजो प्रथा, छुवाछुत प्रथा, घरेलु हिंसा, लिङ्ग पहिचान गरी गर्भपतन गर्ने गराउने, यौनजन्य हिंसा, बोक्सी आरोप, सम्पत्तिबाट वञ्चित, घुम्टो प्रथा, जातीय, छुवाछुत, मानव बेचबिखन तथा ओसारपसार, एसिड आक्रमण, विद्युतीय हिंसा, महिला विरुद्ध संरचनात्मक लैङ्गिक हिंसाहरू व्याप्त रहेको देखिन्छ ।

मलंगवा नगरपालिकामा पनि महिला तथा किशोरीहरू बाल विवाह, जबरजस्ती विवाह, दहेज, बोक्सीको आरोप, चारित्रिक आरोप, बलात्कार, हत्या जस्ता संरचनागत हिंसा भोग्न बाध्य छन् । महिलाहरू समाज र परिवारभित्र पनि स्वतन्त्र रूपमा बोल्न र बाँच्न पाइरहेको अवस्था छैन ।मुस्लिम समुदायका महिलाहरू संस्कार तथा धर्मका नाममा गरिएका गलत विश्वास र अभ्यासका कारण वालविवाह, बहुविवाह, वर्षेनि बच्चा जन्माउनुपर्ने बाध्यता, बुर्का लगाउनुपर्ने बाध्यता, तीन तलाकजस्ता गलत अभ्यासको चपेटामा छन् । मुस्लिम महिलाहरू धार्मिक शिक्षा बाहेक विद्यालय शिक्षा तथा उच्च शिक्षाको अवसरबाट वञ्चित भएको अवस्था छ । महिलाहरूलाई घरभित्र सीमित गरिएको छ ।निर्णायक तहमा महिलाको न्यून सहभागिता हुनु, महिला तथा पछाडिपारिएका समुदायको आर्थिक सबलीकरण हुन नसक्नु, अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठ नागरिकहरू परिवारमा बोझको रूपमा बाँचिरहेको अवस्था छ भने लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरू परिवार र समाजले स्वीकार गर्न नसकेको अवस्थामा अपहेलित भएर बाँच्नु परेको अवस्था छ साथै पालिकाले पनि बिकासका गतिविधिहरुमा समावेश गर्न सकिरहेको छैन् । दलित समुदाय जातीय छुवाछुत जस्तो अमानवीय व्यवहारका कारण सामाजिक, आर्थिक तथा राजनीतिक रूपमा अपहेलित छन् । समाजमा बाल श्रम यथावत छ। महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक लगायत पछाडी पारिएको समुदायको खण्डीकृत तथ्यांक व्यवस्थित गरिएको देखिदैन ।महिला तथा पछाडि पारिएका समुदायप्रति





उत्तरदायी बनाउन तथा स्थानीय स्तरमा कानूनी तथा नीतिगत व्यवस्था, कार्ययोजना तथा कार्यक्रमको तर्जुमा तथा स्रोत र साधन परिचालनमा प्रदेश, संघमा सहकार्य र समन्वयमा कमी पनि यस नगरपालिकाको प्रमुख समस्या रहेका छन् ।

मलंगवा नगरपालिकामा महिला, यौनिक अल्पसंख्यक तथा सीमान्तकृत वर्गहरुमा देखिएका विधमान समस्याहरुः

-यस नगरपालिकामा समानता तथा समानिकरणमा विभेद छ ।

-शिक्षामा महिला पुरुषको समान पहुँच नभएको ।

-महिला र पुरुषमा भेदभाव रहेको, अवसरहरुमा पहुँच तथा उपयोगमा असमानता ।

-छोरा र छोरीबिच विभेद तथा असमान ब्यबहार ।

-राज्यको आरक्षित पदमा महिलाको न्युन पहुँच ।

-बालबिवाह यथावत रहेको ।

-यौनिक तथा लैंगिक अल्पसंख्यकहरुको पहिचान स्विकार नगरिनु ।

-लैंगिक हिंसा एवं दुर्व्यबहार यथावत रहेको ।

-नियम र कानुनको कडाईकासाथ लागु नभएको ।

-पितृसत्तात्मक सोच हावि रहेको ।

-महिलाको आर्थिक अवस्था कम्जोर रहेको साथै सीप बिकास नभएको ।

-विभेद रहित न्याय नपाएको ।

-दाईजो प्रथाको अन्त्य नभएको ।

-स्वरोजगारको ब्यबस्था नहुनु ।

-नगरपालिकाको कुनै पनि गतिविधिमा यौनिक अल्पसंख्यक (LGBTQIA)को सहभागिता गराउन नसकिनु ।

-नगरपालिकामा LGBTQIA समाजबाट कुनै पनि कर्मचारी नरहेको ।

-किशोरी जागरुकताको लागि नीति नभएको ।

-छुवाछुत प्रथा कायम रहेको ।

-महिलाको श्रमको कदर नभएको, समान कामको समान ज्यालाको ब्यबस्था नभएको ।

-पिछडिएका ब्यक्ति वा समुदायको पहिचान गरि प्राथमिकताका आधारमा कार्यत्रम संचालन नभएको ।

-निर्वाचित जनप्रतिनिधिहरुलैंगिक समानता र सामाजिक समावेशिरण सम्बन्धि कम सचेत रहेको, प्राथमिकता दिन नसकेका ।

-भौतिक संरचनाहरु लैंगिक मैत्री, अपाङ्ग मैत्री, LGBTQIA मैत्री नरहेको ।

-बन्चितीमा परेकाहरुलाई सेवा प्रदान गर्ने सेवा प्रदायकहरु न्भक्ष सम्बन्धि संवेदबशिल नभएको।

-नगरपालिकाले प्रत्येक बर्ष GESI Audit गनराएको ।

चुनौती : समाजमा रहेकोलैङ्गिक विभेद, जातीय विभेद, सामाजिक विभेद र वर्गीय विभेदलाई अन्त्य गर्नु, समाजिक संरचना तथा व्यवहारमा रूपान्तरण गरी व्यक्ति, परिवार र समाजमा रहेको असमान व्यवहार र विभेदको अन्त्य गर्नु, छोरीलाई अंश र वंशको रूपमा स्वीकार गर्न नसक्नु,यौनिक तथा लैंगिक अल्पसंख्यकहरुको पहिचानलाई स्विकार्य बनाई उनिहरुका समस्याको संबोधन,वंश धान्नलाई छोराको चाहनामा पटक पटक छोरी भ्रुण गर्भ पतन गराउन बाध्य पारिनु जस्ता सामाजिक तथा सोचगत व्यवहारहरूमलंगवा नगरपालिकाको चुनौतीको रूपमा रहेका छन् ।

समाजमा महिलालाई हेर्ने परम्परागत विभेदकारी दृष्टिकोण तथा पित्तृसत्तात्मक सोचका कारण सामाजिक र राजनीतिक क्षेत्रका सार्वजनिक ओहदाहरूमा महिलाको भूमिकालाई सम्मान तथा स्वीकार गरी नेतृत्व बृद्धी गर्नु, लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई कार्यान्वयन गरी लैङ्गिक समानता तथा समावेशीकरणका सवालमा सामाजिक रूपान्तरण गर्नु, महिला तथा किशोरीमाथिको घरेलु हिंसा, हत्या तथा आत्महत्याका घटनाहरू अन्त्य गर्नु, सामाजिक तथा सांस्कृतिक परम्पराको नाममा समाजमा भएका कुप्रथा बाल विवाह, जातीय छुवाछुत, दाइजो तथा तिलक प्रथाको अन्त्य गर्नु समाजिक चुनौतीको रूपमा रहेको छ । यसैगरी संवैधानिकरूपमा व्यवस्था भएको महिला तथा पछाडी पारिएको समुदायको अधिकार सुनिश्चितताका लागि स्थानीय तहको योजना निर्माण तथा कार्यान्वयनमा लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरणको अवधारणालाई कार्यान्वयन गर्नु, योजना निर्माण तथा कार्यान्वयनमा विकास र अवसरबाट पछाडि पारिएको लिङ्ग, वर्ग तथा समुदायको पहुँच वृद्धिका लागि सामाजिक समावेशीकरणक सम्बन्धी नीतिलाई व्यावहारिक तथा परिणाममुखीरूपमा कार्यान्वय गर्ने जस्ता कार्यहरूनीतिगत रूपमा चुनौतीपूर्ण देखिएको छ ।

मलंगवा नगरपालिकामा महिला, यौनिक अल्पसंख्यक तथा सीमान्तकृत वर्गहरुमा देखिएका चुनौतीहरु :

नगरपालिकामा भएका भौतिक संरचनाहरु लैंगिक, अपाङ्ग र यौनिक अल्पसंख्यक (LGBTQIA+)मैत्री नबनाएको ।

पछाडी पारिएका बर्गलाई अर्थपुर्ण रुपमा समावेशिकरण नहुनु ।

रोजगारी तथा अवसरहरुमा बन्चितिमा परेका र यौनिक अल्पसंख्यकका ब्यक्तिहरुको सहभागिता नदेखिएको ।

यौनिक अल्पसंख्यक (LGBTQIA+) लाई आरक्षणमा समावेश नगरेको ।

बन्चितिकरणमा परेका बर्गहरुको मुद्दा निर्णयमा आउन नसकेको ।

नगरपालिकाले लैंगिक उत्तरदायी बजेट निर्माण गर्न नसकेको ।

बन्चितिकरणमा परेका बर्गहरुको निर्णायक तहमा पहुँच न्युन रहेको ।

पर्याप्त मानव संसाधनको (विषयसंग सम्बन्धित विज्ञहरु)कमीरहेको ।

जनप्रतिनिधिहरुमा GESI विषयमा न्यून जानकारी तथा संवेदनशिल नभएको ।

पालिका भित्र गठन भएका बालक्लबहरुलाई निस्त्रिय भएको ।





अवसर: संवैधानिकरूपमा लैङ्गिक समानताको अवधारणालाई स्वीकार गरी समानता, महिलाको हक, दलितको हक, जेष्ठनागरिकको हक, बालबालिकाको हक, स्वास्थ्य,शिक्षा, रोजगारी, सामाजिक न्याय, सामाजिक सुरक्षा जस्ता हकहरू मौलिक हकको रूपमा व्यवस्था भएको छ। स्थानीयतहदेखि प्रदेश तथा संघसम्म विभिन्न नीति, कानून, कार्यविधि तथा आवधिक योजना/कार्यत्रमहरू निर्माण भइरहेका छन् ।

संविधानद्वारा प्रदत्त हक अधिकारहरू सुनिश्चितताका लागि स्थानीय तहदेखि प्रदेश तथा संघमा विभिन्न नीति, कानून, कार्यविधि तथा आवधिक योजना/कार्यत्रमहरू निर्माण भइरहेका छन्। प्रदेश र स्थानीय तहमा राजनीतिकस्तरमा उल्लेख्य संख्यामा महिला प्रतिनिधित्व सुनिश्चित भएको छ । प्रदेश सरकारको 'बेटी पढाऊ बेटी बचाऊ' अभियान मार्फत महिलाको सर्वाङ्गीण विकासमा थप प्रयत्न भएको छ ।लैङ्गिक समानताको वातावरण निर्माण गर्न महिला माथि हुने विभेद तथा हिंसा अन्त्यका लागि भएका ऐन कानून, कायविधि तथा कार्यत्रमहरूको प्रभावकारी कार्यान्वयन गर्दै शून्य सहनशीलताको सिद्धान्त अवलम्बनको लागि तीनै तहको सरकार लगायत सरोकारवालाहरूको प्रतिबद्धता रहेकोछ । समाजमा लैङ्गिकविभेद सम्बन्धी चेतनामा केही परिवर्तन आए पनि निरन्तरताको खाँचो छ । समाजमा लैङ्गिक भूमिकामा हिजोको अवस्थाभन्दा थोरै परिवर्तनका रूपहरू देखिन थालेका छन् । विभेद, हिंसा विरुद्ध समाजमा सङ्गठित रूपमा आवाज उठ्न थालेका छन् । महिला, यौनिक अल्पसंख्यक तथा समाजमा पछाडि पारिएका समुदायहरू विभिन्न समूह, संस्था, सञ्जालमा सङ्गठित भई आफ्ना हक अधिकार सुनिश्चितताका लागि अभियानरत रहेका छन् । प्रदेश तथा स्थानीय तहमा निर्माण भएका ऐन कानून, कार्यविधि तथा कार्यत्रमहरूहरूको कार्यान्वयले विकासका प्रक्रियामा महिला, युवा, अपाङ्गता भएका व्यक्तिहरू, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, जेष्ठ नागरिक तथा पछाडी पारिएका सीमान्तकृत समुदायको सहभागिता र भूमिकालाई सशक्त बनाउनुका साथै योजना तर्जुमाको ऋममा लैङ्गिक तथा सामाजिक समावेशीकरण पद्धतिको विकास गर्ने, स्रोत र साधनमा पहुँच, स्वामित्व र नियन्त्रण बढाउने रणनीति सहित स्थानीय सरकारले काम गरिरहेको छ । संघीयता अवलम्बन सगै स्थानीय समस्या समाधान तथा विकास आवश्यकता परिपूर्तीका लागि स्थानीय तहले आफै योजना बनाइ कायान्वयन गर्न सक्ने संबैधानिक अधिकार प्राप्त हुनु सबैभन्दा ठूलो अवसर हो ।

तीनै तहका सरकारको प्राथमिकतामा लैङ्गिक समानता,सामाजिक समावेशीकरणर महिलामाथि हुने हिंसाको अन्त्यका लागि नीति तथा कार्यत्रमहरूको निर्माण कार्यले स्थान पाउनु महत्त्वपूर्ण अवसरको रूपमा रहेको छ । यी अवसरहरूलाई गम्भीरतापूर्वक अध्ययन, विश्लेषण एवम् सम्बोधन गरी समाधान गर्दै जाने हो भने मलंगवा नगरपालिकामा लैङ्गिक समानता र सामाजिक समावेशिता प्राप्तिका लागि प्रशस्त अवसर समेत रहेको देखिन्छ ।

## मलंगवा नगरपालिकामा महिला, यौनिक अल्पसंख्यक तथा सीमान्तकृत वर्गहरुमा देखिएका अवसरहरु :

जिल्ला स्तरका सम्पुर्ण कार्यालयहरु यहि पालिका भित्र अवस्थित रहेको ।
OCMC/ Safe House संचालनमा आई सेवा प्रदान गरिरहेको ।
गै.स.स.हरुको पर्याप्त उपस्थिति रहेको छ ।
स्वयंसेवि संस्थाहरु जस्तैः Jaycees, Red cross, FPAN, नागरिक समाज, युवा संघ, मा.अ.र.सं.,महिला मानव रक्षक संजाल, द्यम्क, बैंक र सहकारी संस्थाहरु रहेको ।
लैंगिक समानता तथा सामाजिक समावेशिकरण रणनीति २०८० निर्माण भएको ।
लैंगिक हिँसा निवारण सेवा केन्द्र संचालन कार्यविधि २०८० बनेको र कोष संचालनमा रहेको ।
महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा छुट्टै संचालनमा रहेको ।
बाल संरक्षण अधिकृत तोकिएको ।
जिविकोपार्जनका लागि सीपबिकास कार्यक्रमहरु संचालन गरेको ।
विद्यालयहरुमा निशुल्क रुपमा सेनिटरी प्याड बितरण भईरहेको ।
साक्षर वडाहरु घोषणा भईसकेको ।
बेवारिसे शिशु ब्यबस्थापन कार्यविधि २०७९ बनेको ।
जेष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधि २०७७ कार्यान्वयनमा रहेको ।
अपाङ्गता भएका ब्यक्तिहरुको परिचयपत्र वितरण कार्यविधि २०७९ बनेको ।
विद्यालय शिक्षा ब्यबस्थापन कार्यविधि २०७९ बनेको ।
आत्मनिर्भर, नेतृत्व विकास र जिविकोपार्जनको लागि महिला तथा किशोरी समुहहरु गठन भएको ।
आमा समुहहरु स्वास्थ्य महिला स्वयंसेविकाद्धारा गठन भई संचालनमा रहेको ।
यौनिक अल्पसंख्यक (LGBTQIA+) का लागि यस आ.ब. २०८०रु२०८१मा पालकाले बजेट बिनियोजन गरेको ।

## ७. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको आवश्यकता

सामाजिक क्रियाकलाप वा विकासको मूलआधारबाट लामो समयदेखि पाखा लगाइएका लिङ्ग, जात, वर्ग, क्षेत्रका सबै नागरिकलाई राज्य सञ्चालन, कानून, नीति, कार्यकम निर्माण तथा योजना तर्जुमा लगायतको प्रक्रियामा समान पहुँच र समान प्रतिनिधित्व गराउने माध्यम सामाजिक समावेशीकरण हो ।

स्थानीय सरकारले बनाउने नीति, योजना तथा कार्यक्रमहरूबाट नै व्यक्ति, परिवार तथा समाजको सोच र व्यवहारमा परिवर्तन ल्याउन सकिन्छ भन्ने मान्यता अनुरूपस्थानीय तहमा लैङ्गिक समानता तथा समावेशीकरण नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउन मलंगवानगरपालिकाले आवश्यकता महसुस गरेको छ । यसर्थ आगामी ५ वर्षभित्र मलंगवा नगरपालिकाले लैङ्गिक





समानता तथा सामाजिक समावेशीकरणका सवालमा लैङ्गिक समानता र भेदभावको अन्त्य, सामाजिक न्याय र समृद्ध मलंगवा नगरपालिकाको गन्तव्य,भन्ने दिगो सोच लिई निम्न आवश्यकताका साथ यो नीति तयार गरेको छ ।

सवैधानिकरूपमाव्यवस्था भएका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नागरिकका दायित्वद्वारा निर्देशित सामाजिक न्याय र समावेशीकरण सम्बन्धी कानूनी प्रावधानहरूस्थानीय तहमा कार्यान्वयन गर्ने आधार तयार गर्न ।
समाजमा विद्यमान सबै खाले लैङ्गिक, जातीय, क्षेत्रिय, सामाजिक, आर्थिक विभेदको अन्त्य गर्न।
राज्यका सबै संरचनाहरूमा सबै वर्ग, क्षेत्र, लिङ्ग र समुदायको उचित प्रतिनिधित्व गराउन, नीतिनिर्माण तहसम्म पहुँच बढाउन र सीमान्तकृत तथा पछाडी पारिएको समुदायलाई विकासको मूलप्रवाहमा समाहित गरी समावेशी राज्य व्यवस्था कायम गर्न ।
दिगो विकास लक्ष्यले सन् २०३० सम्म निर्धारण गरेका सबै लक्ष्यहरू प्राप्त गर्ने आधार तयार गर्न ।
लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई संस्थागतरूपमा विकास गर्न ।
मानवीय तथा अन्य आवश्यक स्रोत साधनको व्यवस्थापन र समुचित प्रयोग गरी दिगो शान्ति सहित समृद्धिप्राप्त गर्न ।
स्थानीय सरकारले क्षमता र समुदायको आवश्यकताको आधारमा योजनाहरूको प्राथमिकीकरण, योजना तर्जुमा एवं कार्यान्वयन गर्ने आधार तयार गर्न ।
स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधिलाई आत्मसात गरी लैंगिक समानता तथा सामाजिक समावेशीकरणका अवधारणालाई मूल प्रवाहिकरण गर्न ।
नगरपालिकाको विद्यमान सामाजिक असमानता र वञ्चितीकरणका कारण सामाजिक विकासका सूचकहरूमा भएको कमि कमजोर अवस्था र सामाजिक, आर्थिक एवं प्रशासनिक क्षेत्रमा रहेको असमान पहुँचको अवस्थाको पहिचान गरी सोअनुरूपकार्यत्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा पुनरावलोकन गर्न ।
लैगिंक समानता तथा सामाजिक समावेशिकरणका लागी आवश्यक संस्थागत तथा संरचनागत प्रबन्ध गर्न ।
लैगिंक समानता तथा सामाजिक समावेशिकरणका क्षेत्रमा कार्य गर्ने सबै निकाय तथा सारोकारवालाहरु बिच समन्वय कायम गरि साझा प्रयासलाई बढावा दिन ।

यसर्थ यो नीतिलाई पालिकाले यथाशीघ्र प्रभावकारी कार्यान्वयनमा लैजान कार्यविधि तथा कार्यक्रम तय गरी सम्पूर्ण नगरवासीहरूले विभेद र हिंसारहित समाजमा आत्मसम्मानपूर्वक बाँच्न र जीवनयापन गर्न पाउने अवस्था सिर्जना गर्नेछ ।

## ८.नीति निर्माणका सिद्धान्तहरू:

देहायका सिद्धान्तका आधारमा यस लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति निर्माण गरिएको छः

आधारभूत मानव अधिकारको सिद्धान्त
समता र समानताको सिद्धान्त
सामाजिक न्यायको सिद्धान्त
सकारात्मक बिभेदको सिद्धान्त
समयअनुकुलताको सिद्धान्त

(क) अविभेद
(ख) सारभूत समानता
(ग) कोही पछाडी नछुटून्
(घ) कसैलाइ हानि नपुऱ्याउने
(ङ) शून्य सहनशीलता
(च) अर्थपूर्ण सहभागिता
(छ) सकारात्मक सोच
(ज) लोकतान्त्रिक पद्धति
(झ)प्रभावितको संरक्षण
(ञ) न्यायमा पहुँच तथा द्रूत न्याय
(ट) गोपनीयताको अधिकारको सम्मान
(ठ)समन्वय, साझेदारिता र सहकार्य
(ड) आत्मनिर्भरता

## ९. नीति निर्माण प्रक्रिया :

मलंगवा नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तयार गर्ने क्रममा पहिलो चरणमा एकदिने कार्यशालाको आयोजना गरिएको थियो । कार्यशालामा नगर कार्यपालिकाको सदस्यहरू, वडा अध्यक्षहरू, नगरपालिकाकामेयर, उपमेयर, कर्मचारीहरू,अगुवा महिला, युवा, लैंगिक तथा यौनिक अल्पसंख्यक सहितअधिकारकर्मीहरूको सहभागितामा विस्तृतरूपमा छलफल गरिएको थियो। छलफलबाट आएका कुराहरूलाई यो नीति निर्माण गर्ने क्रममा मुख्य आधार बनाइएको छ । यसै गरी नीति निर्माण कार्यलाई प्रभावकारी बनाउन वडा अध्यक्षको संयोजकत्वमा महिला, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, युवाहरूको प्रतिनिधित्वमा नगरपालिका स्तरीय कार्य समूह गठन गरी कार्य गरिएको छ । औपचारिक तथा अनौपचारिक रूपमा जनप्रतिनिधि तथा कर्मचारीहरूबाट प्राप्त सुझावहरूलाई पनि समेट्ने प्रयास गरिएको छ । नगरपालिकाका महत्त्वपूर्ण दस्तावेजहरू (वार्षिक योजना, नीति, कार्यक्रम, प्रतिवेदन, न.पा.को पार्श्वचित्र) को अध्ययन गरी (नगरपालिकाको आधिकारिक वेभसाइटमा उपलब्ध) आवश्यक सूचनाहरूलाई लिइएको छ ।





राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा नेपाल सरकारद्वारा अनुमोदन गरिएका मानव अधिकार सम्बन्धी दस्तावेजहरूको अध्ययन, संघीय सरकार तथा प्रदेश सरकाद्वारा तयार गरिएका ऐन, कानून, नीति, रणनीति, योजनासँगैदिगो विकास लक्ष्य, मानव विकास प्रतिवेदन लगायतका दस्तावेजहरूको अध्ययन, विभिन्न स्रोतबाट प्राप्त अनुभव एवं ज्ञानलाई समेट्दै यो नीतिको खाका तयार गरिएको हो ।
माथि उल्लेख भए बमोजिमका विधिद्वारातयार पारिएको मस्यौदा नीति नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूको बैठकमा प्रस्तुत गरी छलफलबाट प्राप्त सुझावलाई समावेश गरी अन्तिम रूप दिइएको छ ।

## १०.लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीतिको दिगोसोच, लक्ष्य,उद्देश्यर रणनीतिक उद्देश्यहरु:

### १०.१. दिगो सोच :

"लैङ्गिक समानता र भेदभावको अन्त्य, सामाजिक न्याय र समृद्धि मलंगवा नगरपालिकाको गन्तव्य" ।

### १०.२. लक्ष्य :

आगामी ५ वर्षभित्र गुणस्तरीय शिक्षा, रोजगारी, स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गरी हानिकारक सामाजिक सांस्कृतिक अभ्यासको अन्त्य भईसमाजमा महिला, तथा पछाडि पारिएका समुदायको सशक्तीकरण, नेतृत्व, समान पहुँच र प्रतिनिधित्व सुनिश्चित गर्दै लैङ्गिक समानता र समावेशी समाजको अवधारणालाई व्यवहारमा रूपान्तरण गर्ने आधार तयार गर्ने।

### १०.३. उद्देश्य :

सामाजिक रूपान्तरणको अभियान मार्फत महिला, दलित, अपाङ्गता भएका व्यक्ति,लैङ्गिक तथा यौनिक अल्पसंख्यक तथा विपन्न समुदायको सशक्तीकरणका साथै सबै किसिमको भेदभावको अन्त्य गरी उनीहरूको राजनीतिक, सामाजिक, आर्थिक र सार्वजनिक जीवनमा निर्णायक भूमिका प्रवर्द्धन गर्न नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशी अवधारणालाई संस्थागत रूपमा अवलम्बन गरी सोअनुसार कार्यक्रम तथा योजनाहरू निर्माण तथा कार्यान्वयनको सुनिश्चितता गर्ने ।

### १०.३.१. रणनीतिक उद्देश्य :

समाजमा लिङ्ग, जात, वर्ग, धर्म, क्षेत्रका आधारमा हुने सबै किसिमको विभेदको अन्त्यका लागि विद्यमान हानिकारक मूल्यमान्यता, सोच र व्यवहारमा रूपान्तरण गर्न अभियानमूलक गतिविधिहरूसञ्चालन गर्ने ।
महिला तथा पछाडी पारिएको समुदायको शिक्षा, स्वास्थ्य र आर्थिक समृद्धिका लागि आर्थिक, सामाजिक, राजनीतिक र सार्वजनिक जीवनमा नेतृत्वदायी भूमिकाका साथै विकासमा समान

सहभागिता, समान प्रतिफल र लाभ उपभोगमा पहुँच वृद्धि गर्ने नीति लिई नेतृत्व विकास र सशक्तीकरणमा जोड दिने ।

नगरपालिकाको सबै कार्यक्रम कार्यान्वयन तथा योजना निर्माणमा महिला तथा समावेशी समुदायको प्रतिनिधित्व सुनिश्चितताका लागि कार्यविधि निर्माण गरी सबै विकास साझेदार संस्थाहरूको कार्यक्रमलाई यस अवधारणा अवलम्बन गरी कार्य गर्न निर्देशन दिईलैङ्गिक तथा सामाजिक समावेशीकरणको अवधारणालाई संस्थागत गर्ने ।

लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्बन्धी नीतिको प्रभावकारी कार्यान्वयन गर्न प्रदेश सरकार, विभिन्न आयोग,विकास साझेदार संस्थाहरू, नागरिक समाज, निजी क्षेत्र र अन्य स्थानीय सरोकारवालाहरूसँग समन्वय, सहकार्य र सहजीकरण गर्ने ।

लक्षित समुदायका क्षेत्रमा बिशेष कार्य गर्नका लागी आवश्यक समुह,संरचना, सञ्जाल तथा संम्यन्त्रको ब्यवस्था गर्ने ।

विपद तथा महामारीका समयमा हुने विभेद र हिंसाका सवालहरुलाई सम्बोधनका लागि नीति तथा कार्ययोजना तयार गर्ने ।

## ११. नीति तथा रणनीतिहरू:

नीति १. नगरपालिकाले निर्माण गर्ने योजना तथा कार्यक्रमहरूमा विकास र अवसरबाट पछाडी पारिएका लिङ्ग, वर्ग र समुदायका व्यक्तिहरूलाई मूख्य केन्द्र बिन्दुमा राखी लैङ्गिक समावेशीकरण तथा लैङ्गिक मूलप्रवाहीकरणको नीतिलाई संस्थागत गरिनेछ ।

## रणनीति

१.१.महिला, यौनिक अल्पसंख्यक तथा पछाडि पारिएका लिङ्ग, वर्ग र समुदायका व्यक्तिहरूलाई प्राथमिकतामा राखी सकारात्मक विभेद र आरक्षणको माध्यमबाट अर्थपूर्ण सहभागिता सहित निर्णय प्रक्रियामा समान सहभागिता सुनिश्चित गर्ने।

१.२.नगरपालिका मातहतका सबै कार्यालयहरू, संघसंस्था सहकारी तथा सञ्जालहरू, वित्तीय संस्थाहरू, निजी क्षेत्रहरूले संवेदनशील रूपमा खण्डिकृत तथ्यांक सहितको लैंगिक सुचना व्यवस्थापन तथा अद्यावधीक गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सिद्धान्तमा कार्य गरेको सुनिश्चितता गर्ने ।

१.३.नगरपालिका भित्रका सामुदायिक संघ(संस्था, वित्तीय संस्था, उपभोक्ता समितिहरू लगायत विभिन्न कार्यदलहरूमा महिला तथा पछाडी पारिएका समुदायहरूको विविधतालाई ध्यानमा राखी समानुपातिक सहभागितालाई अनिवार्य गर्ने ।

१.४.स्थानीय, प्रदेश तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा हुने विभिन्न सभा, सम्मेलन, शिक्षा आर्जन गर्ने अवसर, तालिम तथा गोष्ठी एवं योजना तर्जुमा जस्ता कार्यमा महिला तथा पछाडि पारिएको समुदायको समानुपातिक सहभागिता सुनिश्चित गर्ने ।

१.५.महिला तथा पछाडी पारिएका समुदायहरूमा सही सूचना, विषयगत ज्ञान र समसामयिक



खण्ड ८) संख्या ३ स्थानीय राजपत्र भाग २ मिति २०८१/०३/३१

विषयहरूमा निर्णय लिन सक्ने क्षमताको अभिवृद्धिका लागि नेतृत्व विकास तथा सशक्तिकरणका कार्यक्रमहरू सञ्चालन गर्ने ।

१.६.स्थानीय तहमा क्रियाशील संघ, संस्था, समूह तथा सञ्जालहरूको पहिचान गरी विषयगत संस्थाहरूसँग लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लक्ष्य अनुरूप कार्ययोजना निर्माण गरी संयुक्त रूपमा काम गर्ने संयन्त्रको निर्माण गर्ने ।

१.७.महिला समूह, सञ्जाल, टोल विकास संस्थाका सदस्यहरूलाई आत्मजागृत गराउन नेतृत्व विकास, सवाल पहिचान तथा पैरवी सम्बन्धी क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरी सामाजिक रुपान्तरणको अभियान गर्ने ।

१.८.न्यायिक समितिलाई साधन स्रोतसम्पन्न बनाई लैङ्गिक विभेद र हिंसा प्रभावित केन्द्रित अवधारणा, कानूनी व्यवस्था तथा कानूनी कार्यान्वयनको प्रक्रियाको बारेमा क्षमता विकास गर्ने।

१.९.नगरपालिकामा रहेका विषयगत संस्थाहरू, विज्ञहरूसँग लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको लक्ष्य अनुरूप कार्ययोजना निर्माण गरी सहकार्य गर्ने ।

१.१०.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण हासिल गर्न नगरपालिकाभित्र सम्पन्न गतिविधिहरूको अनुगमन तथा मूल्याङ्कन कार्यलाई सुदृढ गर्ने ।

१.११.लैङ्गिक समानता सूचकांक बनाई कार्यान्वयन गर्ने साथै लैङ्गिक हिंसा निवारण तथा सामाजिक सुरक्षा सम्बन्धी सम्पूर्ण सूचनाहरूलाई एकीकृत गर्न एकीकृत सूचना प्रणालीको विकास गर्ने ।

१.१२. नगरपालिका, वडा तथा कार्यरत संघ संस्थाहरुमा लैगिंक समानता तथा सामाजिक समावेशिकरणका क्षेत्रमा कार्यगर्न सम्पर्क शाखा तथा सम्पर्क व्यक्तिको ब्यवस्था गरिने छ ।

१.१३. लैगिंक समानता तथा सामाजिक समावेशिकरणका क्षेत्रमा पर्याप्त स्रोतको सुनिश्चितता गरिने छ ।

नीति २.नगरपालिकामा विद्यमान हानिकारक सामाजिक मूल्य(मान्यतामा परिवर्तन गर्दै सबै प्रकारको लैङ्गिक तथा जातिय विभेद र हानिकारक अभ्यासको अन्त्य गर्ने ।

## रणनीति

२.१.नगरपालिकाभित्र लैङ्गिक विभेदको जोखिमको अवस्था अध्ययन तथा विश्लेषण गर्ने ।

२.२.जोखिममा रहेका महिला, मुस्लिम महिला, किशोरी, दलित, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको शिक्षा तथा स्वास्थ्यमा पहुँच वृद्धिका लागि नीतिगत व्यवस्था गर्ने ।

२.३.नगरपालिका भित्र रहेका सामुदायिक संघसंस्था, टोल बिकास संस्था, महिला मानव अधिकार रक्षक सञ्जाल, युवा सञ्जाल, किशोरकिशोरी समूह, निगरानी समूहहरू गठन तथा सुदृढीकरण गरी समाजमा विद्यमान हानिकारक सामाजिक मूल्य(मान्यता (लैङ्गिक विभेद, हिंसा तथा जातीय छुवाछुत आदि), सोच र व्यवहार परिवर्तन गर्न आवश्यक सूचक निर्माण गरी

व्यक्ति, परिवार र समुदाय सशक्तिकरणका बृहत योजना तथा सामाजिक रुपान्तरणका कार्यक्रमहरू सञ्चालन गर्ने ।

२.४.स्थानीय सञ्चार माध्यमहरू (रेडियो, एफ.एम, टेलिभिजन, पत्रपत्रिका) सँगको साझेदारीमा लैंगिक विभेद तथा हानीकारक परम्परागत अभ्यास विरुद्ध आम सचेतिकरणको अभियान संचालन गर्ने । समाजमा रहेको लैङ्गिक भूमिकालाई रुपान्तरण गर्ने समाचार, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य(दृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न प्रोत्साहन गर्ने ।

२.५.महिला, तथा पछाडी पारिएका समुदायको महिला, किशोरीहरूको सुरक्षित मातृत्व, यौन तथा प्रजनन् स्वास्थ्य अधिकारलाई थप सुनिश्चित गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने ।

२.६.हिंसा, महामारी तथा विभिन्न रोगहरूको प्रभावबाट मानसिक स्वास्थ्यमा असर पुगेका व्यक्ति, परिवार तथा समुदायलाई केन्द्रित गरी समुदाय स्तर देखि नै मनोसामाजिक स्वास्थ्य परामर्श कार्यत्रम सञ्चालन गरी परामर्श सेवा तथा सम्प्रेशण सेवालाई सुदृढ गर्ने । साथै नगरपालिकाको हरेक स्वास्थ्य संस्थामा मनोविमर्श सेवालाई विस्तार गर्ने ।

२.७.आत्महत्या रोकथामका लागि समुदाय तह देखि महिला स्वास्थ्य स्वयंसेविका, मनोपरामर्शकर्ता, शिक्षक, स्वास्थ्यकर्मीहरु लगाएतको क्षमता अभिबृद्धि गरीजिल्ला अस्पतालमा रहेको मानसिक स्वास्थ्य सेवालाई प्रभावकारी बनाउने ।

२.८.विद्यालय शिक्षाको पाठ्यक्रममा रुपान्तरणमूखी सामाजिक लैगिंक भुमिका र हानिकारक परम्परागत अभ्यासहरु विरुद्धका विषयवस्तुलाई समावेश गर्ने ।

२.९.लैङ्गिक हिंसा प्रभावितहरूलाई अत्यावश्यक सेवा (सुरक्षाआवास, मनोविमर्श सेवा, कानूनी सहयोग, स्वास्थ्य उपचार) तथा न्यायमा पहुँच सहित दिगो जीविकोपार्जन हुने वातावरण सुनिश्चित गर्ने।

२.१०.हिंसा प्रभावितहरूको न्यायमा पहुँच अभिवृद्धिका लागि जिल्लामा भएको एकद्वार संकट व्यवस्थापन केन्द्रको सुदृढीकरण सहित हरेक स्थानीय तहसँगको सहकार्यलाई प्रभावकारी बनाउने।

२.११.समुदायमा हुने घरेलु हिंसा तथा लैगिक हिंसालाई निरुत्साहित गर्न जोड दिइनेछ । लैङ्गिक हिंसा निवारण कोष व्यवस्थापन गरी कोष सञ्चालन कार्यविधि निर्माण गर्ने ।

२.१२.विद्यालयमा लैङ्गिक संवेदनशील, पक्षपातरहित, बृहत यौनिकता शिक्षा (Comprehensive Sexuality Education) लाई सुनिश्चित गर्ने वातावरण निर्माणका लागि आवश्यक कार्यबिधि निर्माण गरी कार्यान्वयन गर्ने ।

२.१३.बाल बिवाह तथा लैङ्गिक हिंसाको जोखिममा रहेका बालिकाको पहिचान र अवस्थाको अनुगमन गरी उपयुक्त सेवाका लागि सिफारिस गर्ने सम्पर्क बिन्दुका रुपमा रहेका लैङ्गिक हिंसा निगरानी समूह, टोल बिकास संस्था, महिला मानव अधिकार रक्षक, युवा तथा महिला सञ्जाल, बालक्लब, जिल्ला बाल सञ्जल जस्ता मानवअधिकार संरक्षणका लागि क्रियाशील संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने ।





नीति ३.दिगो विकास र आर्थिक समृद्धिका लागि महिला तथा पछाडी पारिएको समुदायको समान अवसर, नेतृत्वदायी भूमिकाका साथै विकासका सम्पूर्ण लाभको उपभोगमा सबैको समान अधिकार सुनिश्चित गर्ने नीतिगत व्यवस्था गरिनेछ ।

## रणनीति

३.१.हरेक वडाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी खण्डीकृत तथ्याङ्क संकलन तथा अद्यावधिक गर्नुका साथै पार्श्वचित्र तयार गरी सामाजिक संरक्षण र सुरक्षा सम्बन्धिका कार्यक्रम लागु गर्ने ।

३.२.महिला तथा पछाडी पारिएका समुदायको दीगो जिविकोपार्जन सहित आर्थिक सशक्तीकरणका लागि आवश्यक सीप तथा ज्ञान प्रदान गर्न विशेष कार्यत्रमहरूको प्रवर्द्धन गर्ने ।

३.३.नगरपालिकाले सूचनाको सहजताका लागि एकीकृत सूचना प्रणालीको प्रवर्द्धन गरी नागरिकहरूको सेवा तथा अवसरको पहुँच वृद्धिमा सहयोग गर्ने ।

३.४.समान कामका लागि समान ज्याला तथा सामाजिक सुरक्षामा रहेको भेदभावको अन्त्य गरिनेछ ।

३.५.एकल महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, वञ्चितीकरण र बहुविभेदमा परेका महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिँदै दीगो जीविकोपार्जनका लागि आर्थिक सशक्तिकरण सहित नेतृत्व विकासका कार्यत्रमहरु सञ्चालन गरिनेछ ।

३.६.महिला, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यकको उद्यमशीलता विकासका लागि विशेष अनुदान कार्यत्रम सञ्चालन गर्ने ।(राष्ट्रपति महिला उत्थान कार्यत्रम सँग जोड्ने)

३.७.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण हासिल गर्न नगरपालिकाभित्र सम्पन्न गतिविधिहरूको अनुगमन तथा मूल्याङ्कन कार्यलाई सुदृढ गर्ने ।

३.८.नगरपालिकामा निर्माण हुने भौतिक संरचनालाई लैङ्गिक मैत्री बाल मैत्री तथा अपाङ्गतामैत्री बनाई सोअनुसारको सेवा सुविधाको सुनिश्चितता गर्ने ।

३.९.सार्वजानिक क्षेत्र, निजि कम्पनी तथा वित्तिय संस्था लगायत नगरपालिका आफू र आफ्नो मातहतका निकायहरूमा हुने नियुक्तिमा कम्तीमा ५० प्रतिशत नियुक्ति लैङ्गिक तथा सामाजिक रूपमा पछाडि पारिएका समुदायको पहुँचको लागि कार्यबिधि निर्माण गरी कार्यान्वयन गर्ने ।

नीति ४. महिला तथा विपन्न समुदायको स्थानीय सीप र ज्ञानलाई आर्थिक विकास तथा रोजगारीको पूर्वाधारको रूपमा लिई तिनको गुणस्तरीयता र व्यावसायिकताका लागि दक्ष मानवस्रोत निर्माण सहित औद्योगिकीकरण गरिनेछ ।

रणनीति

४.१.समुदायमा विद्यमान स्थानीय सीप तथा ज्ञानको पहिचान, संरक्षण र प्रवर्द्धन गरी महिला तथा पछाडी पारिएको समुदायको आर्थिक सशक्तीकरण सहित दिगो जीविकोपार्जनका लागि उनीहरूको अगुवाइमा साना उद्योग तथा व्यवसाय सञ्चालन गर्ने ।

४.२.सामाजिक तथा आर्थिक रूपमा पछाडी पारिएका समूह/समुदायलाई विशेष प्राथमिकता दिँदै उपलब्ध स्थानीय स्रोत साधनमाथि उनीहरूको पहुँच बढाउने ।

४.३.महिला तथा पछाडी पारिएका समुदायको उद्यमशीलता प्रवर्द्धन र बजारीकरणका लागि नीतिगत व्यवस्था गर्ने ।

४.४.नगरपालिकाले"उद्यममा महिला, विकासमा पहिला" नाराका साथ एक वडा एक उत्पादन कार्यक्रम सञ्चालन गरी एकीकृत बजारीकरण व्यवस्थापनका लागि भौतिक तथा प्राविधिक सहयोग गर्ने ।

४.५.वैदेशिक रोजगारीमा गएका परिवारका महिला सदस्यहरू, वैदेशिक रोजगारीबाट फर्किएर आएका व्यक्तिहरूको सीप, ज्ञान र आम्दानीलाई व्यवस्थित र पुनःउत्पादनमूलक बनाउने कार्यक्रमहरु निर्माण गर्ने ।

४.६कृषि, पशुपालन, सहकारी, सामुदायिक वन, ताल पोखरी तथा वातावरण संरक्षण लगायतका कार्यक्रममा महिला तथा पछाडि पारिएको समुदायको आर्थिक क्रियाकलापमा पहुँच, अवसर र लाभ सुनिश्चित गर्ने ।

४.७.नगरपालिकाले हालसम्म सम्पन्न गरेका सीपमूलक तालिमहरूको प्रभावकारिताको अध्ययन तथा विश्लेषण गरी सोको आधारमा नयाँ तथा सामाजिक लैङ्गिक भूमिका रूपान्तरण गर्न सहयोग गर्ने योजना निर्माण गर्ने ।

४.८.प्राविधिक शिक्षालयहरूसँगको समन्वय तथा सहकार्यमा हरेक वडामा कृषि तथा पशु प्राविधिक मानव स्रोत उत्पादन गर्ने ।

नीति ५. राज्यले अनुमोदन गरेका अन्तर्राष्ट्रिय महासन्धि र प्रतिबद्धताहरू, मानव अधिकार,महिला अधिकार, दिगो विकास लक्ष्य, देशको संविधान र कानूनहरूले प्रत्याभूति गरेका नागरिकका अधिकार सुनिश्चित तथा स्थानीयकरणका लागि अभियानहरू सञ्चालन गरिनेछ।

## रणनीति

५.१.समुदायमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय सन्धि महासन्धि, नीति, कानून तथा कार्यविधिको बारेमा सचेतनामूलक अभियानका लागि स्थानीय विद्यालय, टोलविकास संस्था, नागरिक समाज तथा स्थानीय संघसंस्थाहरूसँग समन्वय र सहकार्य गर्ने ।

५.२.दिगो विकास लक्ष्य, श्रम ऐन, यौन तथा प्रजनन् स्वास्थ्य अधिकार नीति, लैङ्गिक समानतानीतितथा अवधारणाकार्यान्वयन तथा स्थानीयकरणका लागि कार्यविधि तथा आवश्यक सूचकहरूको निर्माण गरी सामाजिक सचेतनाका गतिविधिहरू सञ्चालन गर्ने ।





५.३.संवैधानिक हक, महिला अधिकार, देवानी तथा फौजदारी संहिता र कार्यविधि, श्रम ऐन सम्बन्धी सामाजिक सचेतनाका लागि स्थानीय संघ संस्था तथा सञ्जालको सहकार्यमा अभियान सञ्चालन गर्ने ।

५.४.श्रम ऐन कार्यान्वयनका लागि आवश्यक सूचक निर्माण गर्ने ।

५.६.दिगो विकास लक्ष्य प्राप्तिका लागि संघीय तथा प्रदेश सरकारले निर्माण गरेको योजना अनुसार स्थानीय तहले योजना निर्माण गरी कार्यान्वयन गर्ने ।

नीति ६. विपद तथा माहामारीका समयमा महिला, किशोरी, बालबालिका, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक तथा जेष्ठ नागरिकहरूका फरक आवश्यकता र सो समयमा हुनसक्ने विभेद र हिंसाका सवाल सम्बोधनका लागि नीति तथा कार्ययोजना निर्माण गरिनेछ ।

रणनीति

६.१.विपद तथा प्रकोप प्रभावित, द्वन्द्वपीडित महिला तथा बालबालिकाहरूको सवालहरू सम्बोधन तथा व्यवस्थापनका लागि छुट्टै नीतिगत व्यवस्था गर्ने ।

६.२.विपदको समयमा हुनसक्ने लैङ्गिक हिंसाको जोखिम र जोखिम न्यूनीकरणका उपायहरूबारे लैङ्गिक उत्तरदायी हुने गरी पूर्वतयारी एवं विपद व्यवस्थापनका लागि नीति तथा कार्यक्रमहरू बनाउने ।

६.३.विपद तथा प्रकोपको समयमा बढी प्रभावित क्षेत्रका समुदायको पहिचान, जोखिमको अवस्थाको मापन गरी आकस्मिक बजेट सहित योजना तयार गर्ने ।

६.४.विपद तथा प्रकोपबाट जोखिममा रहेका समुदायहरूलाई सहयोग र संरक्षण प्रदान गर्ने । विपद तथा अन्य समयमा जोखिममा रहेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकहरूको अधिकार सुनिश्चितताका लागि नगरस्तरीय संरक्षण समिति गठन गरी प्रभावितको आवश्यक सहयोग तथा संरक्षणका लागि प्रभावितहरूको खण्डिकृत तथ्यांक संकलन सहित तत्काल सेवा प्रवाहका लागि सम्प्रेषण ढाँचा निर्माण गरी सबैको सहकार्यमा सहयोग गर्ने वातावरण सुनिश्चित गर्ने ।

६.५.विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा निजी क्षेत्रको संलग्नता सहित संघ, प्रदेश र गैरसरकारी संघसंस्थाहरु, बिभिन्न समुह संजाल, बाल क्लबहरुसंग सहयोग, सहकार्यका लागि सम्प्रेषण ढाँचा तयार गरी सहयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

## १२. नीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व :

यस लैङ्गिक समानता तथा सामाजिक समावेशी नीति कार्यान्वयनका लागि देहाय बमोजिको व्यवस्था गरिनेछः

लैङ्गिक समानता नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन तहमा लैजान आवश्यकता अनुसार संयोजन र सहकार्य गर्ने प्रमुख दायित्व पालिका स्तरीय समितिका प्रमुख लगायत सदस्यहरूको रहनेछ ।

नीतिले परिकल्पना गरे अनुसार आवश्यक ऐन, नियम, कायविधि, निर्देशिका निर्माण गरी कार्यान्वयन गर्नेछ ।

यस नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नगरसभाका सबै जनप्रतिनिधिहरू, वडा, टोल स्तरीय समितिका सदस्यहरू लगायत नागरिक समाजको समेत जिम्मेवारी र दायित्व रहनेछ। साथै विभिन्न समिति तथा समूहहरूलाई क्रियाशील बनाउन पालिकास्तरीय समितिको भूमिका प्रभावकारी हुन आवश्यक छ ।

स्थानीय सरकारले नीति कार्यान्वयनको लागि आवश्यक जनशक्तिको विकास तथा क्षमता अभिवृद्धिमा पनि जोड दिनेछ । तर्जुमा भएका नीति, रणनीति, कार्यविधि तथा कार्यक्रमहरूको कार्यान्वयनका लागि संयोजन गर्ने, बजेटको व्यवस्था गर्ने, अनुगमन गर्ने कार्यको नगरपालिका स्तरीय समिति जिम्मेवार रहनेछ ।

नीति कार्यान्वयनका लागि आवश्यकता अनुसार विस्तृत रूपमा कार्ययोजना निर्माण गरी लागू गरिनेछ ।

## १३. आर्थिक व्यवस्था

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणनीति कार्यान्वयनका लागि लाग्ने स्रोत साधन व्यवस्था गर्नु स्थानीय तहकोप्रमुख दायित्व हुनेछ । यसका लागि स्थानीय तहकोमातहतका निकायले आ(आफ्नो योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन प्रक्रियामा जोड दिन आवश्यक हुनेछ । यो नीति कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि, मापदण्ड, निर्देशिकाको निर्माण, दक्ष जनशक्तिको आपूर्तिजस्ता विविध कार्यहरूका लागि लाग्ने अनुमानित स्रोत साधनबारे नगरपालिकाको विषयगत समितिहरूबाट छलफल गरी लैंगिक उत्तरदायि बजेटको अवधारणा अनुरुप कार्ययोजना निर्माण गर्नेछ । कार्ययोजना कार्यान्वयनका लागि नगरपालिकाले आन्तरिक तथा बाह्य स्रोत समेत परिचालन गर्न आवश्यक हुनेछ ।

## १४. कानूनी व्यवस्था

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिलाई नगरसभाको बैठकले अनुमोदन गरी कार्यान्वयनमा ल्याउने छ । यो नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयनमा लान कानून, नियमावली तथा कार्यविधि र कार्ययोजनाको व्यवस्था गर्न जरूरी हुन्छ । अतः नगरपालिकाले १ वर्षभित्रमा कानून, नियमावली र कार्य विधिको तर्जुमा गरी कार्ययोजनाका साथ कार्यान्वयनमा लानेछ ।





## १५. नीति कार्यान्वयन तथा अनुगमन

नीतिको प्रभावकारी कार्यान्वयनका लागि समन्वय, सहजीकरण, र अनुगमन गर्न आवश्यक हुन्छ । यस नीतिको कार्यान्वयनको अवस्था अध्ययन तथा समीक्षाका लागि नियमित अनुगमन गर्ने व्यवस्थाका लागि नगरस्तरीय एउटा समिति गठन गरी कार्यक्षेत्र तथा जिम्मेवारी सहितको उत्तरदायित्व निर्वाह गर्नेछ । सो कार्यका लागि नगरपालिकाले आवश्यकता र प्राथमिकताको आधारमा पदाधिकारीहरूको चयन गर्नेछ ।समितिले प्रस्तुत नीतिको कार्यान्वयनबाट निर्धारित उद्देश्य तथा अपेक्षित प्रतिफल हासिल भए नभएको र यसबाट परेको प्रभाव बारे आवधिक रूपमा मूल्याङ्कन गर्ने कार्य नगरपालिकाको सामाजिक विकास समितिको समन्वयमा गर्नेछ । समिती निम्न बमोजिमको हुनेछ ।

नगर प्रमुख, संयोजक

उपप्रमुख, सदस्य

कार्यापालिका सदस्यहरु (आवश्यकता अनुसार तोक्ने)

प्रमुख प्रशासकीय अधिकृत, सदस्य

कार्यपालिकाका सदस्यहरु मध्ये १ जना महिला सहित २ जना सदस्य

नगरकार्यपालिकाद्वारा मनोनित लक्षित वर्गको क्षेत्रमा काम गर्ने व्यक्ति वा संस्था मध्येबाट बढिमा २ (एक जना महिला ) जना, सदस्य

नगरपालिकाको सम्बन्धीत बिषयतगत शाखाको प्रमुख, सदस्य सचिब

सामाजिक विकास समितीको संयोजक

१५.१ जोखिम तथा जोखिम न्यूनीकरणका लागि ध्यान दिनु पर्ने कुराहरु

लैङ्गिक समानता र समावेशीकरण नीतिको प्रकृति र स्वरूप विस्तृत हुनुका साथै बहुपक्षीय सरोकारको विषय भएकोले यसको सफल कार्यान्वयनमा विभिन्न प्रकारका अवरोध आउन सक्छ ।

यो नीति सम्बन्धी नेतृत्व तथा सरोकारवालाहरूमा साझा बुझाइमा एकरूपता नहुने हुनाले नीति कार्यान्वयनमा असहयोग र प्रतिरोध हुन सक्ने सम्भावना ।

पितृसत्तात्मक सोच हाबी रहेको सन्दर्भमा यस नीतिले महिला तथा बालिकालाई मात्र प्राथमिकतामा राख्छ भन्ने भ्रमपूर्ण बुझाईका कारण नीति कार्यान्वयनमा गतिरोध उत्पन्न हुन सक्छ ।

सार्वजनिक तथा निजी क्षेत्रका सबै संरचनाहरूमा महिलाको समानुपातिक सहभागिता नहुँदा यस नीतिको कार्यान्वयन तथा अनुगमन सही ढङ्गबाट नहुन सक्छ ।

यो नीति लागू गर्ने सम्बन्धमा राजनीतिक इच्छा शक्ति कम भएमा नीति कार्यान्वयनमा कठिनाइ हुने सम्भावना रहन्छ ।

यस नीति कार्यान्वयनमा दक्ष जनशक्ति तथा वित्तीय स्रोतको अभावमा गतिरोध उत्पन्न हुन सक्छ।

समन्वय र सहयोगको अभावमा यसको कार्यान्वयन अपेक्षाकृत प्रभावकारी नहुन सक्छ ।

नीतिको प्रभावकारी कार्यान्वयनका लागि समन्वय, सहजीकरण, र अनुगमन गर्न आवश्यक हुन्छ। यस नीतिको कार्यान्वयनको अवस्था अध्ययन तथा समीक्षाका लागि नियमित अनुगमन गर्ने व्यवस्थाका लागि नगरपालिकास्तरीय र वडा स्तरीय समिति गठन गरी कार्यक्षेत्र तथा जिम्मेवारी सहितको उत्तरदायीत्व निर्वाह गर्नेछ । सो कार्यका लागि नगरपालिकाले आवश्यकता र प्राथमिकताको आधारमा पदाधिकारीहरूको चयन गर्नेछ । समितिले प्रस्तुत नीतिको कार्यान्वयनबाट निर्धारित उद्देश्य तथा अपेक्षित प्रतिफल हासिल भए नभएको र यसबाट परेको प्रभाव बारे आवधिक रूपमा मूल्याङ्कन गर्ने कार्य नगरपालिकाको सामाजिक विकास समितिको समन्वयमा गर्नेछ । जसमा देहाय बमोजिका अध्यक्ष तथा सदस्यहरु रहने छन :

## १६.नगरपालिका स्तरीय समिति / वडा स्तरीय समितिको काम कर्तव्य र अधिकार

### नगरपालिका स्तरीय समितिः

नगरपालिका प्रमुख : संयोजक

नगरपालिकाको उपप्रमुखः सदस्य

कार्यपालिकाका सदस्यहरुः सदस्य (आवश्यकता अनुसार तोक्ने)

प्रमुख प्रशासकीय अधिकृत, सदस्य

कार्यपालिकाका सदस्यहरु मध्ये १ जना महिला सहित २ जना सदस्य

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सहित लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने बिषय विज्ञ तथा संघ संस्थाका प्रतिनीधि (नगरकार्यपालिका वा मेयरले मनोनयन गरेका) २ जना (एक जना महिला सहित)

नगरपालिकाको सम्बन्धीत बिषयतगत शाखाको प्रमुख, सदस्य सचिब

नगरपालिका स्तरीय समितिको काम कर्तब्य र अधिकार

१.नगरपालिका भित्रको महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाती, मधेशी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पछाडी पारिएको समुदायको खण्डीकृत तथ्याङ्क संकलन एवम् विश्लेषण गर्ने ।

२.लैङ्गिक आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पछाडि पारिएको समुदायको समग्र स्थितिको अध्ययन गरी तत् सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नगरसभा समक्ष सिफारिस गर्ने ।





३.संघ तथा प्रदेश सरकारबाट भएका रणनीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने गराउने ।

४.लैङ्गिक, आर्थिक, भौगोलिक, समाजिक, तथा संस्कृतिक दृष्टिले पछाडि पारिएको समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि स्थानीय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नगरसभा समक्ष सिफारिस गर्ने,

५.यस नीतिसँग सम्वन्धित कार्यक्रम तथा योजना कार्यान्वयनमा सहयोग गर्ने तथा आवश्यक सुझाव दिने र कार्यत्रुम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्यांङ्कन गर्ने ।

६.नगरपालिकाको नियमित रुपमा लैङ्गिक तथा सामाजिक समावेशी बजेट परीक्षण गर्ने ।

७.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसंग सम्बन्धीत अन्तराष्ट्रिय सन्धी, संझौताहरुको समन्वय, सहकार्य, सहजीकरण र कार्यन्वयन गर्ने गराउने ।

८.नगरपालिका क्षेत्र भित्र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसंग सम्वन्धि काम गर्ने संघ(संस्थासँग समन्वय, सहकार्य र सहजीकरण गर्ने ।

### वडास्तरीय समिति :

प्रत्येक वडा स्तरमा देहाय बमोजिमको लैंङ्गिक तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन समिति रहने छ ।

-वडाको वडा अध्यक्ष : संयोजक

-वडाको वडा सदस्यहरु : सदस्य

-सम्वन्धित वडा समितिले लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने व्यक्ति वा संस्थाहरु (किशोरी समुह। आमा समुह, बालक्लव) बाट मनोनित गरेका वढीमा २ (एक जना महिला) जना सदस्यहरु : सदस्य

-वडाको वडा सचिव : सदस्य सचिव

### वडा समितिको काम कर्तव्य र अधिकारः

१.वडा भित्रको महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता, आदिवासी जनजाती, मधेशी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पछाडी पारिएको समुदाय खण्डीकृत तथ्याङ्क संकलन गर्ने ।

२.वडाभित्र योजना छनौट पकृयामा महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता, आदिवासी जनजाती, मधेशी, मुस्लिम, अल्पसंख्यक समुदायको सहभागिता अनिवार्य गर्ने ।

३.वडा भित्रको महिला, बालबालिका, किशोरी, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाती, मधेशी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पछाडी पारिएको समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि कार्यत्रुम बनाई  गाउँपालिकामा पेश गर्ने ।

४.यस नीतिसँग सम्वन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्न क्षमता अभिबृद्धिको

क्षेत्र पत्ता लगाउने र उनीहरुको कार्यक्रमलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री बनाउन सहजीकरण गर्ने ।

१७. जोखिम तथा जोखिम न्यूनीकरणका लागि नगरपालिकाले ध्यान दिनुपर्ने कुराहरू:

लैङ्गिक समानता र समावेशीकरण नीतिको प्रकृति र स्वरूप विस्तृत हुनुका साथै बहुपक्षीय सरोकारको विषय भएकोले यसको सफल कार्यान्वियनमा विभिन्न प्रकारका अवरोध आउन सक्छ :

| क.स. | संभावित जोखिम | जोखिम न्यूनीकरणका उपायहरु |
|---|---|---|
| १. | नेतृत्व तथा सरोकारवालाहरू माभ्क नीति सम्बन्धी साभ्का बुभ्काइ नहुँदा नीति कार्यान्वियनमा असहयोग र प्रतिरोध हुन सक्ने सम्भावना । | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नेतृत्व तथा सरोकारवालाहरूको साभ्का बुभ्काइमा एकरूपता ल्याउन तालिम, गोष्ठी तथा छलफलको आयोजना गर्ने । |
| २. | पितृसत्तात्मक सोच हावी रहेको सन्दर्भमा यस नीतिले महिला तथा बालिकालाई मात्र प्राथमिकतामा राख्छ भन्ने भ्रमपूर्ण बुभ्काइका कारण नीति कार्यान्वियनमा गतिरोध उत्पन्न हुन सक्छ । | जननिर्वाचित महिला सदस्यहरू यो नीति कार्यन्वयन गर्नको लागि पूर्ण रूपमा प्रतिबद्ध भई कार्य गर्ने । |
| ३. | सार्वजनिक तथा निजी क्षेत्रका सबै संरचनाहरूमा महिला तथा सीमान्तकृत समुदायको समानुपातिक सहभागिता नहुँदा यस नीतिको कार्यान्वियन तथा अनुगमन सही ढङ्गबाट नहुन सक्छ । | नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि आवश्यक सूचक निर्माण गरी कार्यान्वियनका लागि प्रोत्साहन गर्ने र सम्बन्धीत कार्यहरूको नियमित समीक्षा गर्ने । |
| ४. | यो नीति लागू गर्ने सम्बन्धमा राजनीतिक इच्छा शक्ति कम भएमा नीति कार्यान्वियनमा कठिनाइ हुने सम्भावना रहन्छ । | स्थानीय तहमा कार्यरत कर्मचारीहरूले यस नीति कार्यान्वियनका लागि प्रतिबद्ध भई सहयोग गर्ने । |
| ५. | यस नीति कार्यान्वियनमा दक्ष जनशक्ति तथा वित्तीय स्रोतको अभावमा गतिरोध उत्पन्न हुन सक्छ । | संघ, प्रदेश र स्थानीय तहबाट जारी भएका लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्बन्धी नीति, रणनीति तथा कार्यक्रमहरु सम्बन्धमा कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्ने । |
| ६. | समन्वय र सहयोगको अभावमा यसको कार्यान्वियन अपेक्षाकृत प्रभावकारी नहुन सक्छ । | बहुपक्षीय सरोकारवालाहरूसँगको समन्वय तथा सहकार्य बढाउने । |

१८. नीतिका अपेक्षित उपलब्धिहरु :

यस नीतिलाई नगरपालिकाले आफ्ना कार्यक्रमहरु मार्फत कार्यान्वियन गरेमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालमा निम्न उपलब्धीहरु हासिल गर्न सक्नेछ :

समाजमा रहेको परम्परागत हानीकारक सोच तथा अभ्यासहरुको अन्त्य भई समानता र समावेशी समाज निर्माणमा सहयोग पुग्नेछ ।

नगरपालिकाको वार्षिक कार्यक्रमहरुमा महिला तथा सीमान्तकृत समुदायको आवश्यक्तालाई सम्बोधन गर्ने योजनाहरुले प्राथमिकता पाउनेछन् । यस्ता योजनाहरुमा सो समुदायले अपनत्व महसुस गर्नेछ ।

नगरपालिकाको सामाजिक विकासको गतिले निर्दिष्ट रुपमा निरन्तरता पाई महिला तथा सीमान्तकृत समुदायको सशक्तीकरण तथा दिगो विकास गरी परिणामुखि योजना निर्माण तथा कार्यान्वय हुनेछ ।





नगरपालिकाले स्थानीय स्रोत साधनको अधिकतम प्रयोग गरी महिला तथा सीमान्तकृत समुदायको अगुवाईमा दिगो विकास गर्न स्थानीय स्तरमा नै सम्भावनाहरुको पहिचान गर्न सक्नेछ ।

स्थानीय निकाय स्वमूल्याङ्कनमा पालिकाका सामाजिक गतिविधिहरुलाई व्यवस्थित र नियमन गरी पालिकाको स्तरीकरण हुनेछ ।

विभिन्न संस्थाहरुबीच कार्यात्मक एकरुपता निर्माण भई लैगिक समानता तथा सामाजिक समावेशीकरणमा एकिकृत प्रयास मार्फत अपेक्षित लक्ष्य हासील हुनेछ ।

१९. नीतिको पुनरावलोकन तथा सुधारः

यस नीतिको कार्यान्वियनको प्रभावकारीता, उपयुक्तता र उपादेयताको मूल्याङ्कन गरी पाँच/पाँच वर्षमा नीतिमा समसामयीक पुनरावलोकन तथा परिमार्जन एवं सुधार गरिनेछ । पुनरावलोकन तथा समीक्षाबाट प्राप्त सुभ्काबहरुलाई नगरकार्यपालिकामा पठाई कार्यपालिकाबाट पारित गरी नगरसभा मार्फत नीतिको पुनरावलोकन सहित कार्यान्वियन गरिनेछ ।

२०. खारेजी तथा बचाउ

यस नीतिमा उल्लिखित कुराहरु प्रचलित कानूनसंग बाभिmएमा बाभिmएको हदसम्म सम्बन्धीत कानून बमोजिम नै हुने छ ।

## २१. अनुसूचीहरू:

१. सिद्धान्तहरु:

(क)अविभेद ९ल्यल(मष्कअचष्ष्लबतष्यल०:यो नीति कार्यान्वियनको सिलसिलामा महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, ज्येष्ठ नागरिक वा अपाङ्गता भएका व्यक्तिहरु, जातजाति, लिङ्ग, वर्ण, आर्थिक, सामाजिक, शारीरिक स्थिति वा भौगोलिक अवस्थितिका आधारमा भेदभाव गरीने छैन ।

(ख)सारभूत समानता ९क्गदकतबलतष्खभ भत्रगबष्तिथ०: यो नीतिले लैङ्गिकताका सवालमा सारभूत समानता अर्थात परिणाममा समानताको सिद्धान्तलाई आत्मसात गरेको छ ।

(ग)कोहि पछाडि नछुटुन् ९ल्य यलभ भिबखभ दभजष्लम० : यस नीतिले दिगो बिकास लक्ष्यको कोही पनि पछाडि नछुटुन् भन्ने अवधारणालाई अपनाएको छ ।

(घ)कसैलाइ हानि नपुऱ्याउने ९म्य लय जबचm०:यस नीतिले कसैलाई पनि हानि वा क्षति नपुऱ्याउने सिद्धान्त लिएको छ ।

(ङ)शून्य सहनशीलता ९श्भचय तयभिचबलअभ०: यो नीति तथा कार्ययोजनाको कार्यान्वियनको सिलसिलामा लैङ्गिक हिंसाका घटनाहरूमा शून्य सहनशीलताको सिद्धान्तलाई अङ्गिकार गरेको छ ।

(च)सकारात्मक सोच ९ब्उउचभअष्बतष्खभ ष्लत्रगष्चथ०:यो नीति सकारात्मक सोच तथा परिवर्तन सभंव छ र आफैले गर्न सकिन्छ भन्ने सिद्धान्तबाट निर्देशित छ ।

(छ)अर्थपूर्ण सहभागिता ९:भबलष्लनागी उबचतष्अष्उबतष्यल०: यो नीतिले सफल तथा प्रभावकारी कार्यान्वयनका लागि जसको सवाल उसैको नेतृत्व, जसको सरोकार उसको आवाज भन्ने सिद्धान्तलाई आत्मसात गर्दै सबै सरोकारवालाहरूको अर्थपूर्ण सहभागितालाई महत्व दिइएको छ ।

(ज)प्रभावितको संरक्षण ९एचयतभअतष्यल या तजभ कगचखष्खयचक०:यो नीतिले लैङ्गिक हिंसा प्रभावितहरूको संरक्षण र सुरक्षाको प्रत्याभूति दिलाउनु पर्ने र आत्मसम्मानपूर्ण व्यवहार गर्नुपर्ने विषयलाई उच्च प्राथमिकतामा राखेको छ ।

(झ)गोपनीयताको अधिकार ९च्ष्नजतक तय एचष्खबअथ०: यो नीतिले लैङ्गिक हिंसा प्रभावितहरूको गोपनीयताको अधिकारलाई सुनिश्चत गरेको छ ।

(ञ)न्यायमा पहुँच तथा द्रूत न्याय ९ँबकत तचबअप अयगचत०: यो नीतिउत्पिडनमा परेका वर्ग तथा समुदायको न्यायमा केन्द्रित रहेको छ रलैङ्गिक हिंसा प्रभावितहरूका लागि द्रूत न्यायको सिद्धान्तलाई अङ्गिकार गरेको छ ।

(ट)साझेदारिता र सहकार्य९एबचतलभचकजष्उ बलम अर्यािबियचबतष्यल० : यो नीतिको सफल र प्रभावकारी कार्यान्वयनमा मुख्य सरोकारवालाहरूको समन्वय, साझेदारिता र सहकार्यलाई प्राथमिकता राखिएको छ ।

(ठ)लोकतान्त्रिक पद्धति ९म्भ्रुयअचबतष्अ कथकतभ्र०: लोकतान्त्रिक पद्धतिलाई नगरपालिकाको हरेक प्रक्रियामा आत्मसात गरि रुपान्तरणमुखि सोचबाट नेतृत्व शैलीमा परिवर्तन गर्नेछ

(ड)आत्मनिर्भरता९क्भाी चभष्लिबअभ०: यो नीतिले महिला तथा पछाडि पारिएको हरेक समुदायको जीवनमा आत्मनिर्भरतालाई मूलमन्त्रको रुपमा लिनेछ ।

## अनुसूची २. लैङ्गिक समानता तथा सामाजिक समाबेशीकशरण नीति निर्माण कार्यसमूह सदस्यहरुः

१. श्री मुकेश कुमार जयसवाल, वडाध्यक्ष
२. श्री नगिना राय, महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख
३. श्री प्रमोद मण्डल, शिक्षा शाखा प्रमुख
४. श्री रविता कुमारी साह, स्वास्थ्य शाखा
५. श्री बनिता कार्कि, सेफ हाउस
६. श्री देव कुमारी महरा, ओरेक नेपाल
७. अब्दुल सहमद (नग्मा खान), पहिचान नेपाल ९द्यम्क०



खण्ड ८) संख्या ३ स्थानीय राजपत्र भाग २ मिति २०८१/०३/३१

## अनुसूची ३. प्रस्तावित कार्यत्रमहरुः

### केहि प्रस्तावित कार्यक्रमहरुः

### नीति कार्यान्वयन तयारीका लागि आवश्यक कार्य र जिम्मेवारी

केहि प्रस्तावित कार्यक्रमहरुः

नीति कार्यान्वयन तयारीका लागि आवश्यक कार्य र जिम्मेवारी

| क.सं. | मुख्य कृयाकलापहरु | जिम्मेवारी |
|---|---|---|
| १ | नीतिको प्रचार प्रसार गर्ने | सबै शाखा तथा वडा कार्यालयहरु |
| २ | नीतिले ब्यवस्था गरेका संरचनाहरुको निर्माण र क्षमता बिकास | कार्यपालिका |
| ३ | सम्पर्क शाखा र सम्पर्क ब्यक्तिको ब्यवस्था | कार्यपालिका |
| ४ | खण्डिकृत तथ्याङ्क ब्यवस्थापन तथा अद्यावधिक | सूचना प्रबिधि शाखा |
| ५ | नीति कार्यान्वयनका लागी तथा नीतिले परिकल्पना गरेका ब्यवस्थाहरु कार्यान्वयनका लागी आवश्यक कानुन, निर्देशिका, मापदण्ड निर्माण गर्ने । | कार्यपालिका |
| ६ | नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, बिषयगत शाखा तथा वडा कार्यालयहरुको क्षमता बिकास | महिला तथा बालबालिका शाखा |
| ७ | नीतिको कार्यान्वयनका लागी आवश्यक जनशक्तिको बिकास | कार्यपालिका |
| ८ | नीति कार्यान्वयनको अनुगमन, मुल्याङ्कन तथा समिक्षा | लै.स.सा.स कार्यान्वयन समिति |

**१. हानिकारक सामाजिक मूल्यमान्यता, लैङ्गिक विभेद बिरुद्धको कार्यक्रमहरुः**

- अबको ५ बर्षमा मलंगवा नगरपालिकालाई घरेलु तथा लैंगिक हिँसा मुक्त बनाउन बिभिन्न कार्यक्रमहरु संचालन गर्नुपर्ने ।
- राजनैतिक नेतृत्व बर्गलाई लैंगिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धि तालिम दिई बढि उत्तरदायी बनाउने ।
- करारमा कर्मचारि राख्दा LGBTQIA+ पनि समावेश गर्नुपर्ने ।
- पालिकाले जसको सवाल उसैको सहभागिता गराउनु पर्ने ।
- विद्यालय शिक्षाको पाठ्यक्रममा रुपान्तरणमुखी सामाजिक लैगिंक भुमिका र हानिकारक परम्परागत अभ्यासहरु विरुद्धका विषयवस्तुलाई समावेश गर्ने ।
- लैङ्गिक हिंसा प्रभावितहरूलाई आवश्यक सेवा तथा न्यायमा पहुँच सहित दिगो जीविकोपार्जनका कार्यक्रमहरु संचालन गर्ने ।
- स्थानीय सञ्चार माध्यमहरू (रेडियो, एफ.एम, टेलिभिजन, पत्रपत्रिका) ले लैङ्गिक भेदभावलाई प्रोत्साहन गर्ने समाचार, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य-दृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न रोक लगाउने नीति अवलम्बन गरिनेछ ।
- हिंसा प्रभावितहरुका लागि पालिकामा उपलब्ध सेवाहरुको विस्तृत विवरण तयार गरि न्यायीक समितिलाई साधन, स्रोत सम्पन्न बनाई उजुरी प्रक्रियालाई सरल र सहज बनाउने ।
- समाजमा धार्मिक र साँस्कृतिक रुपमा जरा गाडेर बसेको हानिकारक अभ्यासहरु, बालविवाह, बहुविवाह, दहेज, ा तिलक, बालश्रम, हिँसा, छुवाछुत प्रथाको अन्त्य गर्न सडक नाटक, अन्तरक्रिया, तालिम गोष्ठिका साथै**धार्मिक गुरु तथा अन्य सरोकारवालाहरुको नेतृत्वमा समाजिक जागरण तथा रुपान्तरण अभियान संचालन गर्ने** । साथै यस किसिमका घटना बिरुद्धमा कानूनी कार्यवाहीलाई प्रभावकारी बनाउने ।

- सबै वडामा हानिकारक सामाजिक मूल्य मान्यताले पारेको असरका बारेमा समुदाय स्तरमा आम भेला गर्ने साथै जनप्रतिनीधिहरु, लैगिंक हिंसा नियन्त्रण/निगरानी संयन्त्र, सञ्जाल, समुहसँग समय समयमा अन्तरक्रिया गर्ने ।
- समुदाय तह देखि लैंगिक हिंसा बिरुद्धको सूचना र हिंसा भएमा कसरी उजुरी गर्ने, कहाँ गर्ने भन्ने लगायतका सुचनाहरु स्थानीय भाषा तथा चित्र पोष्टरहरुको माध्यमबाट सबैको पहुँच हुनेगरी प्रवाह गर्ने ।
- स्थानीय तहका सञ्चारमाध्यमबाट लैगिंक विभेदमा आधारित हिंसा, हानिकारक परम्परागत अभ्यास रोकथाम तथा संरक्षण सम्बन्धी सुचनालाई घरघरसम्म पुग्ने गरि सम्प्रेषण गर्ने ।
- टोल बिकास संस्था, समूहहरुको अगुवाईमा विभिन्न दिवसिय अभियानहरु स्वच्छ महिनावारी, किशोरी दिवस, वाल दिवस, मानव अधिकार दिवस, श्रमिक महिला दिवस, लैंगिक हिंसा बिरुद्धको १६ दिने अभियान लगायतका दिवसका अवसरमा विभिन्न सचेतना तथा अभियान मूलक कार्यक्रम संचालन गर्ने ।
- समाजमा दाइजो तथा तिलक बहिष्कार गर्ने, छोरीलाई स्नातकसम्म पढाएर बिबाह गरिदिने व्यक्ति,परिवार तथा जोडिलाई सार्वजानिक रुपमा सम्मान तथा प्रोत्साहन गर्ने कार्यक्रम गर्ने ।
- लैङ्गिक हिंसा प्रभावितहरूको आत्मवल बृद्धिको लागि मनोसामाजिक परामर्शका साथै जीवन उपयोगी शिक्षा र सीप दिई प्रभावितका लागि अनुकुल र उसको निर्णय अनुसारको स्थानमा पुनर्फिर्ति हुन सहयोग गर्ने । हिँसा प्रभावित महिलाहरुका लागि बिउ पुँजिको ब्यबस्था गर्ने ।
- व्यक्तिगत घटना दर्तालाई अभियानको रुपमा संचालन गर्न घटना दर्ता शिविर संचालन गर्ने ।
- बाल हेल्पलाइन १०९८, बालबालिका हराएमा वा भेटिएमा १०४, महिला तथा बालबालिका माथि हुने हिंसाको बारेमा उजुरी गर्न सकिने राष्ट्रिय महिला आयोगको टोल फ्रि नं. ११४५ सम्बन्धी स्थानिय भाषामा होर्डिङवोर्ड बनाइ नगरपालिकाका विभिन्न सार्वजनिक स्थानमा राख्ने ।
- वडाहरूमा प्रहरी, महिला समूह, आमा समुह,निगरानि समुह, युवा, किशोरकिशोरी समूह, धर्मगुरुहरू, पुरुष एवं लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूको सहभागितामा लैङ्गिक हिंसा विरुद्ध सचेतनामूलक अभियान सञ्चालन गर्ने।
- नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण महिलाको समग्र विकासका लागि एक परिवार कम्तीमा एक सदस्य रहने गरी नगर तथा वडा क्षेत्रभरी महिला समूह गठन गरि महिलाको क्षमता विकास, सशक्तिकरण तथा संस्थागत विकास गर्ने ।
- जेष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरु र यौनिक अल्पसंख्यकलाई सेवामा विशेष प्राथमिकता दिई सिफारिश लगायतका सेवा सुविधाहरु निशुल्क उपलब्ध गराउने ।
- वडास्तरका उपभोक्ता समिति मार्फत संचालन गरिने योजनामा कम्तीमा एक तिहाई योजनामा महिला नेतृत्वमा संचालन गर्ने ।
- उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरुको वर्गीकरण गरी प्रत्येक निर्वाचित वडा सदस्यहरुलाई योजना अनुगमन तथा मूल्यांकनका लागि जिम्मेवारी बाँडफाँड गरी योजना संचालन र सम्पन्नताको समयसिमा निर्धारण गरी जिम्मेवारी प्रदान गर्ने ।
- पालिकाको पर्यटन प्रवर्द्धनका साथै महिलाहरुको सार्वजानिक स्थलमा पहुँच बृद्धिका लागि महिला उद्यान निर्माण गर्ने ।
- कार्यालयलाई सेवाग्राहीमैत्री बनाउन सेवाग्राही प्रतिक्षालय, सहायता कक्ष, र सोधपुछ कक्षको व्यवस्था मिलाइने ।
- जेष्ठ नागरिकहरुको सम्मान जनक जीवन यापनका लागि सामाजिक सचेतना अभियानका साथै परिवार तथा समाजलाई जिम्मेवार बनाउन विशेष कार्यक्रम संचालन गर्ने ।





- जेष्ठ नागरिकहरुको जमघट तथा आफ्नो कुरा राख्ने थलोको व्यवस्थापनका लागि जेष्ठ नागरिक विश्राम स्थल निर्माण गर्ने ।
- सामुदायीक प्रहरी, वडा कार्यालय, सामुदायीक मेलमिलाप समिति नेतृत्वमा प्रत्येक वडामा लैगिंक विभेद, असमानता, हिंसा, लागु औषध तथा दुर्व्यसनी, हानिकारक परम्परागत अभ्यास विरुद्ध नियमित सचेतनामुलक गतिविधिहरु सञ्चालन गर्ने ।
- लैङ्गिक हिंसा निवारणका लागि महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, किशोरकिशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, शिक्षक, अभिभावक, राजनीतिक दल, नागरिक समाज, प्रहरी, पत्रकारहरू र स्थानीय सरकारबीच निरन्तर सार्वजनिक बहस एवं संवादको कार्यक्रम सञ्चालन गर्ने ।
- लैगिक विभेदमा आधारित हिंसा, जातिय छुवाछुत विरुद्धको सुचना सामाग्रीहरुलाई सार्वजनिक स्थलहरुमा ( विद्यालय, सिनेमाहल, बसपार्क, हाटबजार, मूख्य चोक, सार्वजनिक यातायातका साधनहरु लगायत) नियमित रुपमा देखिने गरि प्रदर्शन गर्ने ।
- महिला स्वास्थ्य स्वयमसेविका, महिला सहकारीहरुको नेतृत्व तथा सहयोगमा वडाका महिला सदस्यहरु सम्मिलित सुचना वितरण समिति बनाउने, स्थानीय गैरसरकारी संस्थासँग सहकार्य गरि सूचना वितरण गर्ने ।

**शिक्षाको क्षेत्रमा गरिने मुख्य गतिबिधिहरु:**

- मुश्लिम महिला, पिछडा बर्ग लगाएत सबै महिलाको बिकास तथा सहभागिताको लागि महिला शिक्षालाई अनिवार्य गरी कार्यान्वयनको लागि छुट्टै संयन्त्र गठन गरि प्रभावकारी रुपमा परिचालन गर्ने ।
- नगरपालिका क्षेत्र भित्र एवं विद्यालयहाता भित्र छुवाछुत, बालश्रम र लैङिगक हिसा एवं दुर्व्यवहार विरुद्ध शुन्य सहनशिलताको नीति अवलम्वन गर्ने ।
- विद्यालय उमेर समुहका बालबालिकाको लागि विद्यालय गए नगएको अनुगमन गरी त्यस्ता बालबालिकालई विद्यालय जानको लागि सहयोगका कार्यक्रमहरु संचालन गर्ने ।
- विद्यालयमा अपाङ्गतामैत्री वातावरणको सृजना गरि अपाङ्गता भएका बालबालिकाको सजह शिक्षाका लागि बातावरण निर्माण गर्ने ।
- सवै सामुदायिक विद्यालयहरुमा अध्ययनरत छात्राहरुका लागि निशुल्क सेनिटरी प्याड वितरणको कार्यक्रमलाई व्यवस्थित रुपमा संचालन गर्ने र किशोरी मैत्री शौचालयको व्यवस्था गर्ने ।
- लागु औषध दुर्व्यशनी, बाल विवाह, बहु विवाह, दाइजो, बालश्रमतथा छुवाछुत सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु नगरपालिका क्षेत्रभित्र रहेका प्रत्येक विद्यालयहरुमा संचालन गर्ने ।
- विद्यालयमा बृहत्तर यौनिकता शिक्षा कक्षा संचालन गर्ने । साथै समुदायमा रुपान्तरण कक्षा संचालन गर्ने । यसका लागि पालिका र पालिकामा कार्यरत गैससहरुसँग सहकार्य गर्ने ।
- विद्यार्थी टिकाउदर बढाउन विद्यालय स्तरमा तोकिएको विद्यार्थीहरुको लागि दिवा खाजालाई निरन्तरता दिइनेछ । साथै बेटि पढाउ बेटि बचाउ अभियानलाई प्रभावकारी रुपमा अगाडी बढाउने ।
- नगरपालिकाको कुनै सामुदायिक बिद्यालयलाई अपांगता भएका विशेष गरी श्रवण शक्ति ह्रास र दृष्टि बिहिनहरु र भिन्न क्षमता भएकाको लागि सहयोग हुने गरि शैक्षिक वातावरणको व्यवस्थापन गर्ने ।
- दलित तथा आर्थिक रुपले विपन्न समुदायमा उच्च शिक्षा हासिल गर्ने वालबालिकालाई आर्थिक सहयोग तथा शिक्षा विमाको माध्यमबाट प्रोत्साहित गर्ने ।

**स्वास्थ्यको क्षेत्रमा गरिने मुख्य गतिबिधिः**

- खोप, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य, पोषण जस्ता जनस्वास्थ्यसँग सम्बन्धित आधारभूत सेवा सुविधालाई प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वयं सेविकालाई परिचालन गर्ने ।
- बिशेष गरि मुश्लिम महिलाको प्रजनन् स्वास्थ्य सामाग्रीहरुमा पहुँच बृद्धिका लागि धार्मिक रुपमा नै बाध्यात्मक रहेको नियमलाई धार्मिक गुरुहरु, समुदायका अगुवा व्यक्तिहरुसँग आवश्यक छलफल तथा अन्तरक्रिया कार्यक्रमहरु गर्ने ।
- किशोरकिशारी लक्षित विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम, महिनावारी चक्र तथा सरसफाइ, प्रजनन् स्वास्थ्य बारे कार्यक्रम संचालन गर्ने ।
- किशोरी, यौनिक तथा लैगिक अल्पसंख्यक र अपांगता भएका व्यक्तिहरुको स्वास्थ्य सेवामा पहुँच बढाउन हरेक स्वास्थ्य संस्थामा सम्पर्क व्यक्ति तोक्ने साथै मनोविमर्श तथा परामर्श सेवालाई संचालन गर्ने ।
- महिलाको पाठेघर(आङ्) खस्ने समस्या तथा अन्य यौन रोग सम्बन्धि लक्षित समूहमा जनचेतनामुखी अभिमुखिकरण कार्यक्रम संचालन गर्ने । समुदायमा स्वास्थ्य शिविर संचालन गर्ने साथै पाठेघर खसेका बिरामी महिलाहरुको निःशुल्क शल्यक्रियाका लागि सहयोग गर्ने ।
- सबै वडा तहबाटै पाठेघरको मुखको क्यान्सर, मोतिबिन्दु, उच्च रक्तचाप र मधुमेह रोगहरुको निःशुल्क परिक्षण गर्ने दीघरोग नियन्त्रण तथा व्यवस्थापनको लागि प्रत्येक वडामा "स्वास्थ्य तथा आरोग्य" कार्यक्रम संचालन गर्ने।
- महिलाहरुमा बढ्दो क्रममा रहेको स्तन क्यान्सर र सर्भाइकल क्यान्सर जस्ता रोगहरुको निःशुल्क परिक्षण गर्ने व्यवस्था मिलाउने साथै निःशुल्क गर्भपतन सेवा संचालन गर्ने ।

**२. लैङ्गिक समावेशीकरण तथा लैङ्गिक मूलप्रवाहीकरक कार्यक्रमः**

- नगरपालिकाको योजनाको निश्चित प्रतिशत पछाडि पारिएका लिङ्ग, वर्ग र समुदायका व्यक्तिहरूको नेतृत्वमा सञ्चालन गर्ने रणनीति अवलम्बन गर्ने ।
- नगरपालिका भित्रका सबै वडाहरुमा खण्डिकृत तथ्यांकहरुलाई नगरपालिकाको आफनो अनलाइन प्रविधिमा समेत व्यवस्थापन गर्ने ।
- न्यायिक समितिमा आउने लैङ्गिक हिंसाका घटनाहरुलाई गोपनियता कायम गर्न प्रभावितको नामलाई कोडिंग गरि तथ्यांकिय व्यवस्थापन गर्ने ।
- नेपाल सरकारले व्यवस्था गरेका विभिन्न सामाजिक सुरक्षा कार्यक्रमहरूको बारेमा सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रवाहलाई सहज र सर्वसुलभ बनाउने ।
- पालिकामा संचालित कार्यक्रम अनुगमनका लागि वडा स्तरमा वडा, संस्थानिय संघ संस्था र समुदायको संयुक्त सहभागितामा अनुगमन समिति निर्माण गरि नियमित अनुगमन गर्ने ।
- हरेक वडा र नगरपालिकामा सुचना पेटी, गुनासो पेटि तथा सुझाब पेटिकाको व्यवस्था गर्ने ।
- कुनै पनि व्यक्ति आफुले पाउने सेवा सुबिधाबाट बञ्चित नहुन् भन्ने सुनिश्चितताका लागि टोल बिकास संस्थाको गठन गरि नगर तथा वडा तहका सुचनाहरुलाई हरेक घरमा पुर्‍याउने व्यवस्था गर्ने ।
- स्थानिय संचार माध्यमहरुसँगको सहकार्यमा नपाबाट प्रदान गरिने सेवा सुबिधा तथा कार्यक्रमहरुको पारदर्शिता व्यवस्थित गर्ने ।



खण्ड ८) संख्या ३ स्थानीय राजपत्र भाग २ मिति २०८१/०३/३१

३. आर्थिक सशक्तिकरण तथा नेतृत्व विकासका कार्यक्रमहरुः

- कृषिमा आधारित लघु उद्योग संचालनको लागि महिलाहरुलाई प्रोत्साहन गर्ने साथै बजार व्यवस्थापनका लागि सहयोग गर्ने ।
- महिला तथा पछाडी पारिएका समुदायहरूलाई व्यवसाय सञ्चालन, बैंकिंग तथा वित्तिय कारोबार लगाएत सरकारबाट प्रदान गरिने सेवा तथा छुट सुबिधाहरु सम्बन्धी अभिमुखिकरण तथा तालिम कार्यक्रम संचालन गर्ने ।
- महिला मैत्री कृषी सामाग्री प्रबर्द्धन गरी महिला कृषकहरुका लागि बिशेष अनुदान, निर्व्याजी ऋण सहयोग तथा बिँउ पुँजी सहयोग गर्ने ।
- बाँझो जमिनमा निजी र सार्वजनिक संस्थालाई प्रोत्साहित गरि बाँझो जमिनमा जडीबुटि, गैह्र काष्ठ पैदावार बिरुवा रोपण कार्य गरि वातावरण संरक्षण र रोजगारी सिर्जना गर्ने कार्यलाई अगाडि बढाउने ।
- नगरपालिकामा सञ्चालित योजनाहरूको निर्माण कार्यमा संलग्न सबै व्यक्तिहरूलाई समान रूपले ज्यालादारी काममा सहभागी गराउने, अन्य सीपमूलक तालिम सञ्चालन गर्ने यस किसिमका कार्यक्रमहरूमा यौन अल्पसंख्यकको समुदायको अनिवार्य सहभागिता गराउने ।

४. महिला अधिकार, मानव अधिकार, संबिधान तथा कानूनहरुको बारेमा सचेतना कार्यक्रमः

- समुदायका टोल बिकास संस्थाहरुमा मानव अधिकार, महिला अधिकार, दिगो बिकास लक्ष्यको बारेमा अभिमुखिकरण गर्ने ।
- लैंगिक समानता र समावेशिका सवालहरुमा अन्तर बिद्यालय स्तरिय बिभिन्न प्रतियोगिताहरु संचालन गर्ने ।
- बालमैत्री तथा बाल श्रम मुक्त टोल तथा बस्ती बनाउनको लागि बालमैत्री स्थानीय शासनको अवधारणा अनुसार बालमैत्री कार्यक्रमहरू सञ्चालन गर्ने ।
- दिगो बिकास लक्ष्यको बारेमा टोल बिकास संस्था र बिद्यालयहरुमा छलफल गर्ने ।
- स्थानिय प्रहरी, स्वास्थ्य संस्थाहरु, बिद्यालय तथा कलेजहरुको सहकार्यमा देवानी तथा फौज्दारी संहिता र कार्यबिति, श्रम ऐन सम्बन्धि अभिमुखिकरण कार्यक्रम संचालन गर्ने ।

५.विपद तथा माहामारीका समयमा महिला, किशोरी, बालबालिका, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक तथा जेष्ठ नागरिकहरूका फरक आवश्यकता र सो समयमा हुनसक्ने विभेद र हिंसा बिरुद्धको कार्यक्रमहरु :

- संघ संस्था, संजालहरुको रोष्टर तयार गर्ने ।
- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यमा निजी क्षेत्रको संलग्नता सहित संघ, प्रदेश र गैरसरकारी संघसंस्थासँग सहयोग, सहकार्यका लागि सम्प्रेषण ढाँचा तयार गरी सहयोग गर्ने ।
- जिल्ला विपद व्यवस्थापन समितिसँगको सहकार्यमा पालिका तथा वडास्तरमा समेत विषयगत समिति (Thematic-Cluster) तथा संयन्त्र निर्माण गर्ने ।
- विपद्‍मा विशेष जोखिममा रहने किशोरी, महिला, गर्भवती, सुत्केरी, अपागंता, बृद्धा, लैगिंक तथा यौनिक अल्पसंख्यक, विशेष र फरक आवश्यकता भएका व्यक्तिहरुलाई केन्द्रमा राखेर लैगिंक संवेदनशिलताका साथ राहत प्याकेज निर्माण गरि सहयोग गर्ने ।
- विपदलाई व्यवस्थापन गर्नका लागि विपद व्यवस्थापन कोष संचालन गरी उक्त कोषमा प्रयाप्त बजेट विनियोजन गरिनेछ ।
- विपद तथा जोखिमको अवस्थामा समुदायमा पर्ने मनोसामाजिक सवालको सम्बोधनका लागि मनोसामाजिक परामर्श/मनोविमर्श सेवालाई अनिवार्य रुपमा सेवा प्रदान गर्ने व्यवस्था गर्ने ।

**प्रमाणिकरण मिति :-२०८१/१०/३**

**आज्ञाले**
**होमनाथ सुवेदी**
**प्रमुख प्रशासकिय अधिकृत**
**मलंगवा नगरपालिका**